***Nepal Journal of Sociology***
August 2024, Volume 1, pp. 17-50
(Peer-reviewed and indexed in NepJOL)
p-ISSN: 3059-9210, e-ISSN in NepJOL
Webpage: https://cdso.tu.edu.np/

Central Department of Sociology
Tribhuvan University

# निजामती सेवा र राजनीतिक नेतृत्वमा समावेशी प्रतिनिधित्वको अवस्थाः एक विश्लेषण

*पासाङ शेर्पा*

लेखसार

नेपालमा विगतको सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाका कारण समाजमा जातीय, भाषिक, धार्मिक, लैङ्गिक, क्षेत्रीय र वर्गीय रूपमा विभिन्न प्रकारका विभेद र उत्पीडन सिर्जना हुनपुग्यो । ऐतिहासिक रूपमा मुलुकको सामाजिक संरचना, जातीय, लैङ्गिक, सांस्कृतिक र भौगोलिक आधारमा सृजित संरचनागत असमानता र विभेदले उत्पीडित र सीमान्तीकृत समुदायहरू राज्यको नीतिनिर्माण प्रक्रियामा प्रतिनिधित्व लगायत महत्वपूर्ण सामाजिक, राजनीतिक, आर्थिक अवसरहरूबाट समेत बञ्चितीमा परेका छन् । मुलुकमा विभिन्न समयमा राजनीतिक र व्यवस्था परिवर्तन भए तापनि समाजको संरचना, सामाजिक सम्बन्ध, समाज र राज्यको सम्बन्ध पुरातन पितृसत्तात्मक सोच, नीतिनिर्माता, राजनीतिक दलका नेताहरूको सोच र व्यवहारमा तात्विक परिवर्तन आउन नसकेको कारण नीतिनिर्माण र कार्यान्वयन तहमा जनजाति, महिला, मधेशी, दलित र मुस्लिमको प्रतिनिधित्व समानुपातिक समावेशी सिद्धान्त अनुरूप भएको देखिँदैन । निजामती सेवा र राजनीतिक क्षेत्रमा समावेशीकरणका लागि आरक्षण र समानुपातिक प्रतिनिधित्वको व्यवस्थाका कारण उत्पीडित र सीमान्तीकृत समुदायले थोरै संख्यामा भएपनि प्रतिनिधित्व हुने अवसर प्राप्त भएको छ । तापनि निजामती सेवा र राजनीतिक नेतृत्वमा नेपालको संविधान र संघीयताको मर्मअनुसार उत्पीडित र सीमान्तीकृत समुदायको समावेशिताको अवस्थामा खासै उल्लेखनीय परिवर्तन भएको छैन । नेतृत्व तहमा बाहुन क्षेत्रीको बाहुल्यता र प्रभुत्व कायमै रहेको देखिन्छ । आगामी दिनमा राज्यको सबै निकायहरूमा समानुपातिक समावेशी र सामाजिक न्यायको सिद्धान्तका आधारमा प्रतिनिधित्व गराउन उनीहरूको आर्थिक सशक्तिकरण, क्षमता विकास र शिक्षामा विशेष जोड दिई क्षमता प्रदर्शन गर्ने अवसर प्रदान गर्नुका साथै समावेशी सिद्धान्तको मर्मअनुसार राज्यले नीतिनिर्माण र कार्यान्वयनमा जोड दिनुपर्दछ ।

आलेख इतिहास

पाण्डुलिपि प्राप्तिः ७ मे २०२४
परिमार्जनः २० मे २०२४
आलेख स्वीकारः ३० जुलाई २०२४

लेखक सम्पर्क

पासाङ शेर्पा
pasang.sherpa@cdso.tu.edu.np

आलेखको डिजिटल पहिचानः
'नेपजोल' मा

सर्वाधिकार विवरण

सर्वाधिकार २०२४ © लेखकमा । प्रकाशकले पूर्वस्वीकृति लिएर यो आलेखको पुनःप्रयोग गर्न सक्नेछ ।

**शब्दकुञ्जिकाः** उत्पीडित, नेपाल, समानुपातिक, समावेशीकरण, सामाजिक न्याय, सीमान्तीकृत ।

## पृष्ठभूमि

सामाजिक समावेशीकरण, मुलुकभित्रका सबै नागरिकलाई समान अवसरको सुनिश्चितता गर्ने प्रक्रिया हो । यसले राज्यका सबै तहहरूमा सबै जातजाति, वर्ग, समुदायको पूर्ण सहभागिता गराई शासन प्रणालीप्रति अपनत्व बोध गराउदै र ऐतिहासिक रूपमा सामाजिक, आर्थिक, शैक्षिक तथा राजनीतिक रूपमा सीमान्तीकरण र बञ्चितीकरणमा परेका वर्ग र समुदायलाई अवसर प्रदान गरी विभेदीकरणको अन्त्य गर्न उत्प्रेरक भूमिका निर्वाह गर्दछ । अर्को शब्दमा भन्नुपर्दा, राजनीतिक, आर्थिक र सामाजिक वृत्तमा पछाडि परेका र पारिएका वर्ग, लिङ्ग, जातजाति, भाषाभाषी, क्षेत्र र सम्प्रदायलाई आरक्षण, सकारात्मक विभेद, लक्षित कार्यक्रम र अग्राधिकारको व्यवस्था गरी समावेशी प्रक्रियालाई प्रोत्साहन गर्दछ ।

युरोपेली देशहरूमा सन् १९५०-१९६० को दशकमा देखिएको सामाजिक विभेदीकरण र असमान व्यवहारबाट प्रभावित भई सामाजिक समावेशीकरण र बहिष्करणको अवधारणा अन्य विकासशील मुलुकहरूले आत्मसात गरेको देखिन्छ । नीतिगत रूपमा यससम्बन्धी बहस फ्रान्सबाट सन् १९७४ देखि शुरु भई सन् १९८० को दशकको अन्त्यतिरबाट अन्य युरोपेली मुलुकहरूले पनि सामाजिक नीतिको मुख्य अवधारणाको रूपमा अवलम्बन गर्दै विश्वका अन्य विभिन्न मुलुकहरूमा नीतिगत बहसको महत्वपूर्ण विषय बन्न पुगेको पाइन्छ ।

नेपालमा विगतको सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाका कारण समाजमा जातीय, भाषिक, धार्मिक, लैङ्गिक, क्षेत्रीय र वर्गीय रूपमा विभिन्न प्रकारका विभेद र उत्पीडन क्रमशः फस्टाउँदै गयो । वैधानिक रूपमा राज्यले जात व्यवस्था र हिन्दू राज्यलाई संस्थागत गरी सामाजिक असमानता, विभेद र बहिष्करण गरेका कारण राज्यको श्रोत र अवसरहरूमा सबैको समान पहुँच र नीतिनिर्माण प्रक्रियामा उत्पीडित र सीमान्तीकृत समुदायको प्रतिनिधित्व हुन सकेन । संवैधानिक, नीतिगत, कानूनी तथा संरचनागत व्यवस्थाका कारण राज्यको महत्वपूर्ण निकाय तथा संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिमूलक संरचनामा आदिबासी जनजाति, महिला, मधेशी, दलित र मुस्लिमको प्रतिनिधित्व समानुपातिक समावेशी सिद्धान्त अनुरूप बराबरी हुन सकेन । निजामती सेवा र राजनीतिक नेतृत्वमा पहाडे बाहुन क्षेत्रीको प्रभुत्व कायमै रह्यो, जसको पूर्ण मारमा सीमान्तीकृत समुदाय परे ।

## परिचय

यही पृष्ठभूमिमा केन्द्रित रही यस लेखले निजामती सेवा र राजनीतिक नेतृत्वमा ऐतिहासिक रूपमा उत्पीडन र सीमान्तीकरणमा परेका आदिबासी जनजाति, महिला, दलित, मधेशी र मुस्लिम समुदायका समावेशी प्रतिनिधित्वको अवस्थालाई दृष्टान्तमा ल्याउने प्रयत्न गरेको छ । यो आलेख दुई प्राथमिक उद्देश्यमा आधारित छः पहिलो, यो अध्ययनमा आदिबासी जनजाति, महिला, दलित, मधेशी र मुस्लिम समुदाय कसरी सीमान्तीकरण, वञ्चितीकरण र बहिष्करणमा परे भन्ने कुरा बहसमा ल्याउनु । दोस्रो, मुलुक संघीयतामा प्रवेश गरेपछि निजामती सेवा र राज्यका तीनै तहका सरकार र नेतृत्व तहमा प्रतिनिधित्वको अवस्थाको बहसलाई अघि सारी पुनर्मूल्यांकन गर्नु । के समावेशी र आरक्षण वैधानिक प्रक्रियामा

आउँदैमा विशेष वर्ग र वञ्चित वर्ग बीचको अन्तर समनुरूप भइहाल्छ त ? द्वितीय श्रोतमा आधारित हुँदै आलेखमा सामाजिक बहिष्करण र समावेशीकरण सम्बन्धी प्रकाशित अनुसन्धान र प्रतिवेदनहरूको समीक्षा गर्नुका साथै लोकसेवा आयोग र निर्वाचन आयोगका वेबसाइटहरूबाट आवश्यक तथ्याङ्क संकलन गरी समावेशीकरणको बहसमाथि विश्लेषण गरिएको छ ।

२०६२/२०६३ को आन्दोलनपछिको राजनीतिक विकासक्रम र त्यससँगै आएको नीतिगत सुधारले पहिचानसँगैको समावेशितालाई स्थान दिए तापनि निजामती सेवा र राजनीतिक नेतृत्वमा उत्पीडित र सीमान्तीकृत समुदाय र उपल्लो वर्ग बीचको वर्तमान तथ्याङ्कीय अनुपातको अन्तराल र सोही बराबरी हैसियतमा उत्पीडित र सीमान्तीकृत समुदायलाई भविष्यमा पुग्न लाग्ने संभाव्य समय आकलन गर्दै यस लेखले तर्कसंगत बहसको सचित्र व्याख्या गरेको छ । समावेशिताको अवधारणा साथ उत्पीडित र सीमान्तीकृत समुदायको निजामती सेवा र राजनीतिक प्रतिनिधित्वको विषय यस आलेखमा सँगसँगै आउँदा अध्ययनको विषय-क्षेत्र पक्कै पनि बढ्न गएको छ, जुन यो आलेखको सीमा पनि हो । तर नेपाली परिप्रेक्षमा, सीमान्तीकरण र समावेशीकरणको बहसमा प्रशासन र राजनीति समावेशिताको अविभाज्य अवयव भएकोले र दुबैलाई समरूपी कारक र प्रभावको रूपमा लिँदै संख्यात्मक र गुणात्मक विमर्श गर्ने समाजशास्त्रीय चिन्तनलाई अघि सारिनुपर्छ भन्ने तर्कलाई यस आलेखले वकालत गर्नेछ । यसलाई थप पुष्टि गर्न सामाजिक न्यायको सिद्धान्त अनुसार अवसरमा समान पहुँच, शक्ति, श्रोत र अवसरहरूको समानता, राज्यका निर्णय प्रक्रियामा पूर्ण र प्रभावकारी सहभागिता माथि प्रकाश पारिएको छ । त्यस्तै राज्यको नीतिनिर्माण तहमा समावेशीकरणको समीक्षात्मक विश्लेषण (सिल्भर, १९९४) को एकाधिकार अवधारणालाई आत्मसात गरी कसरी कुनै निश्चित जात वा समूहले आफ्नो पकड र हालीमुहाली कायम गरी अन्य अल्पसंख्यक र सीमान्तीकृत समुदायलाई राज्यको श्रोतमाथिको पहुँचमा बन्देज लगाई बहिष्करणमा पारे भन्ने दृष्टान्तमा आधारित हुदै तर्कसंगत व्याख्या गरिएको छ । त्यस्तै सेन (२०००) को क्षमता वञ्चितीकरण र पार्किन (१९७९) को सामाजिक बन्द सिद्धान्तका आधारमा पनि विश्लेषण गर्ने प्रयास गरिएको छ ।

लेखलाई मुख्यतया पाँच खण्डमा प्रस्तुत गरिएको छ । पहिलो खण्डमा लेखको पृष्ठभूमि, शीर्षकको परिचय, औचित्य र सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ भने दोश्रो खण्डमा नेपालमा बहिष्करण र समावेशीकरणका ऐतिहासिक पृष्ठभूमि र विगतमा भएका प्रयासलाई समेटिएको छ । तेस्रो खण्डमा निजामती सेवा र राजनीतिक नेतृत्वमा समावेशी प्रतिनिधित्वको अवस्थाको चित्रण, चौथो खण्डमा तथ्याङ्कको आधारमा नेपालमा संघीयता र समावेशी नीतिका कारण नेतृत्व तहमा उत्पीडित र सीमान्तीकृत समुदायको प्रतिनिधित्व सम्बन्धी छलफल र विश्लेषण गरिएको छ । अन्तमा लेखको निष्कर्ष र आगामी बाटो प्रस्तुत गरिएको छ ।

## नेपालमा बहिष्करण र समावेशीकरणको नीतिगत पाटो

नेपालमा मूलतः पृथ्वीनारायण शाहको राज्य एकीकरण पश्चात् केन्द्रीकृत, असमावेशी, एकात्मक राज्यको बीजारोपण भएको पाइन्छ । पृथ्वीनारायण शाहले भौगोलिक एकीकरण गर्न

सफल भए तर सामाजिक, आर्थिक, राजनीतिक रूपमा विविध जातजाति, भाषाभाषी, धर्म, संस्कृति भएका समुदायहरूलाई समेट्न नसक्दा राज्य समावेशी हुन सकेन (शर्मा, २०१३) । यसको निरन्तरता जंगबहादुर राणाले वि.स.१९१० को मुलुकी ऐनमार्फत् जात व्यवस्थालाई कानूनी मान्यता प्रदान गरी गैरहिन्दू लगायत सम्पूर्ण जातजाति, भाषिक, सांस्कृतिक समूहलाई एउटै बर्णाश्रम व्यवस्थाभित्र समेटेर हिन्दू जातव्यवस्था लाद्ने काम गरे (होफर, २००४) । त्यस्तै तराई क्षेत्रमा औलोको भयले धेरै वर्षसम्म राज्यको उपस्थिति हुन सकेन । तराईमा बस्ने मधेशीहरूप्रति राज्यको हेर्ने दृष्टिकोण नै फरक रहन पुग्यो । सन् १९६० मा औलो उन्मूलन भएपश्चात् विभिन्न समयमा विभिन्न कारणले विभिन्न जातजातिको बसाईं सराइको क्रम बृद्धि भएसँगै, मूलतः पहाडे मूलका समुदायको बसाईं सराइसँगै तराईमा पहाडे र मधेशी समुदायबीचमा विभाजित हुनका साथै राजनीतिक नेतृत्वमा पहाडे समुदायको बर्चस्व हुनपुग्यो । तराईमा पनि तराईका जनजाति, तराईका जात र मुस्लिमहरू बीच सांस्कृतिक, धार्मिक, भाषिक विविधता र सामाजिक आर्थिक रूपमा चरम असमानता रहन पुग्यो । तर पनि पछिल्लो समयमा ती सबै समुदायलाई एक ठाउँमा ल्याउने काम नेपाली राज्यको विभेदीकरण, बहिष्करण र असमानता नीति र व्यवहारका कारण मात्र सम्भव भएको पाइन्छ (शर्मा, २०१३) ।

पञ्चायतकाल (१९६०-१९९०) देखि विकासको रणनीति शुरु भएता पनि यसले केन्द्रीकृत शासन व्यवस्थालाई निरन्तरता दिएको देखिन्छ । राज्यले नेपालको सांस्कृतिक विविधताको सम्मान, संरक्षण र सम्बर्धन गर्नुका सट्टा पहाडे बाहुन क्षेत्रीको भाषा र संस्कृतिको संरक्षण र विस्तार गरी एउटै भाषा, एउटै धर्म, एउटै संस्कृति मार्फत सांस्कृतिक सम्मीलीकरण र एकरूपतामा जोड दिएको पाइन्छ । सन् १९९० पछिका सरकारमा पनि उच्च जातकै बाहुल्यता रहेका कारण खासै परिवर्तन आउन सकेन । प्रजातन्त्रको लागि २००७ सालको सफल क्रान्तिले राणा परिवारमा सीमित अधिकारको अन्त्य गरी राज्यको संरचनामा परिवर्तन ल्याई बहिष्करणको मुद्दालाई सानो धक्का पुगेको देखिन्छ ।

राणा र पंचायतकालमा आफ्नो गुनासो, जातीय पहिचान एवम् हक अधिकारको लागि बोल्न समेत नपाएका आदिबासी जनजाति, दलित, महिला, मधेशी र मुस्लिमको आवाज २०४६ को जनआन्दोलनपछि भने बुलन्द भएर अगाीड बढेको देखिन्छ भने जातीय संघसंगठनहरू खोल्ने र फस्टाउने अवसर प्राप्त भएका कारण उनीहरूको हक अधिकारका आवाज र सवालहरू तीब्र रूपमा उठ्दै आएको पाइन्छ ।

२०४७ सालको संविधान तुलनात्मक रूपमा सुधारवादी मानिन्छ किनभने यसले सबै नागरिकबीच समान अधिकारहरूको व्यवस्था गरेको छ[१] र वि.सं. २०५१ को नेकपा एमालेको अल्पमतको सरकारले पिछडिएका जातजातिहरूको लागि योजना ल्याएर राष्ट्रिय

१ नेपालको संविधान २०४७ ले नेपाललाई एक बहुजातीय, बहुभाषिक तथा प्रजातान्त्रिक मुलुकको रूपमा स्वीकार गरेको थियो । संविधानले नेपालका सबै नागरिकलाई समान मान्दै पहिलो पटक बहुल समाजको मान्यता प्रदान गरी राजनीतिक इतिहासमा पहिलो पटक राजनीतिक अधिकार प्रदान गरेको थियो ।

मुलधारमा ल्याउन प्रयास गरेको देखिन्छ ।[२] यसले समावेशीकरण र बहिष्करणको सवालमाथि बृहत् छलफल हुने वातावरण सिर्जना भएको देखिन्छ । माओबादी जनयुद्धले पनि यो मुद्दालाई अङ्गिकार गरेको कारण शान्ति सम्झौतापछि माओवादी जनयुद्धको अन्त्यसँगै सन् २००८ मा संविधान सभाको लागि भएको निर्वाचनमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व, जनजातिको ३१ प्रतिशत, दलितको ८ प्रतिशत र मधेशीको ३४ प्रतिशत प्रतिनिधित्व हुनु समावेशिता तर्फको महत्पूर्ण कदमको रूपमा लिन सकिन्छ ।

दोस्रो ऐतिहासिक जनआन्दोलन २०६२/०६३ को सफलतापछि बनेको नेपालको अन्तरिम संविधान २०६३ ले देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको रूपमा घोषणा गरेको छ । संविधानको धारा २१ ले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिबासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरीव किसान र मजदुरहरूलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हकको व्यवस्था छ ।[३] नेपालको संबिधान, २०७२ ले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने परिकल्पना गरेको छ ।[४]

निजामती सेवा ऐन २०४९ को दोश्रो संशोधन २०६४ ले निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने कूल सीट संख्याको ४५ प्रतिशत आरक्षण सीट छुट्याएको छ । जसमध्ये महिलालाई ३३ प्रतिशत, आदिबासी जनजातिलाई २७ प्रतिशत, मधेशीलाई २२ प्रतिशत, दलितलाई ९ प्रतिशत, शारीरिक अशक्तलाई ५ प्रतिशत र पिछडिएको क्षेत्रको लागि ४ प्रतिशत सीट आरक्षित गरेको छ । सामाजिक समावेशीकरण

---

२ २०५१ सालमा नेकपा एमाले नेतृत्वको सरकारको बजेट भाषणमा पहिलो पटक १६ वटा (११ वटा दलित सहित) समूहलाई पछाडि परेका वा वञ्चितीकरणमा परेका समूहको पहिचान गरी उनीहरूलाई शिक्षामा विशेष अवसर दिने व्यवस्था गरेको थियो ।

३ त्यस्तै धारा (३३, घ १) ले मुलुकमा राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग, क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने व्यवस्था छ । त्यस्तै राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनुपर्ने र समानुपातिक प्रतिनिधित्व गर्नुपर्ने व्यवस्था गरिएको छ ।

४ संविधानको धारा ४२(१) ले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएका क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खसआर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायहरूमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । संविधानको धारा ८४(२) मा राजनीतिक दलले उम्मेदवारी दिँदा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, खस आर्यबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था छ । त्यस्तै राष्ट्रिय सभामा मनोनयन गर्दा प्रत्येक प्रदेशबाट ८ जनामध्ये कम्तिमा ३ जना महिला, १ जना दलित र १ जना अपांगता भएको व्यक्ति हुनुपर्ने संवैधानिक प्रावधान छ । यसरी नै राज्यका सबै निकायमा महिलालाई ३३ प्रतिशत आरक्षणको व्यवस्था गरेको छ ।

अध्यादेश, २०६५ ले मुलुककै इतिहासमा पहिलोपटक सबै सार्वजनिक सेवालाई समावेशी बनाउने कोशिस गरेको छ । यसले सार्वजनिक सेवामा महिला, आदिबासी जनजाति, मधेशी, दलित र शारीरिक अशक्त तथा पछाडि परेका क्षेत्रका बासिन्दालाई ४५ प्रतिशत आरक्षण कोटा निर्धारण गरेको छ । संविधानसभा निर्वाचन ऐन, २०६४ ले राजनीतिक दलले प्राप्त गरेको भोटको आधारमा संविधानसभाको सदस्य छान्ने समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली अन्तर्गतका २४० जना सदस्यहरूमा आदिबासी जनजातिबाट ३७.९ प्रतिशत, मधेशी ३१.२ प्रतिशत, दलित १३ प्रतिशत, पछाडि परेका क्षेत्रबाट ४ प्रतिशत, पहाडे ब्राम्हण र क्षेत्रीबाट ३०.२ प्रतिशत र सबै प्रकारका समूहका महिलाबाट ५० प्रतिशत उम्मेदवार बनाउनुपर्ने व्यवस्था गरेको छ ।

नीतिगत रूपमा विभेद र बहिष्करणमा परेका समुदायहरूको सामाजिक सुरक्षालाई मनन गर्दै सामाजिक समावेशीकरणको विषयलाई समावेश गर्ने पहिलो आवधिक योजना नवौं योजना (२०५४-२०५९) हो । दशौं योजना (२०५९-२०६४) ले आदिबासी जनजाति, दलित र महिला लक्षित कार्यक्रममार्फत् उनीहरूको सामाजिक, सांस्कृतिक, आर्थिक सशक्तीकरण र क्षमता अभिबृद्धि गरी राष्ट्रिय मूलधारमा समाहित गर्ने लक्ष्य र उद्देश्य अगाडि सारेको थियो । यी योजनाले विस्तृत रूपमा सकारात्मक विभेदका विभिन्न कार्यक्रम तथा गतिविधिहरूमार्फत् सशक्तीकरण गर्ने उद्देश्य राखे तापनि यसको प्रभावकारी कार्यान्वयन भने हुन सकेको देखिँदैन । पन्ध्रौं योजनाको (आ.व.२०७६/७७-२०८०/८१) आधारपत्रले राज्यका सबै नागरिकको उपस्थिति र अर्थपूर्ण सहभागितामा समावेशी विकास गर्ने सोच र मुलुकमा उपलब्ध श्रोत साधनहरूमा लक्षित वर्गको समानुपातिक पहुँच बढाउने, राज्यका तीनै तहमा हुने निर्णय प्रक्रिया तथा यसका प्रशासनिक संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्ने रणनीति अगाडि सारेको छ ।

यसमा शासन सञ्चालन तथा विकासका सबै क्षेत्रको निर्णय प्रक्रियामा सबै सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिने; आर्थिक, सामाजिक तथा भौगोलिक रूपले पछाडि परेका नागरिकहरूलाई सकारात्मक विभेद र आरक्षणको माध्यमबाट राजनीतिक, सामाजिक र प्रशासनिक क्षेत्रमा अर्थपूर्ण सहभागिता सुनिश्चितता गरिने; संघ, प्रदेश र स्थानीय तह र यसका कार्यक्षेत्रभित्र उपलब्ध रोजगारीका अवसर उपयोग गर्न सक्षम तुल्याउन आर्थिक, सामाजिक रूपले पछाडि परेका लक्षित वर्गलाई शीप विकास तालिम प्रदान गरी उनीहरूको क्षमता अभिबृद्धि गरिने व्यवस्था छ ।

सोह्रौं योजना (आ.व.२०८१/८२–२०८५/८६) को अवधारणापत्रमा सुशासन, सामाजिक न्याय र समृद्धिलाई सोचको रूपमा अगाडि सारी संरचनात्मक रूपान्तरणको क्षेत्र तथा रणनीति अन्तर्गत सामाजिक सशक्तीकरण, समावेशीकरण र सामाजिक सुरक्षामा जोड दिइएको छ । जसअन्तर्गत आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्ग, समुदाय र लिङ्गको सशक्तीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन, जनसांख्यिक अनुपात र क्षमताको आधारमा राज्यको सबै तह र अङ्गमा समानुपातिक समावेशीकरणको अवलम्बन गर्ने नीति अगाडि सारिएको छ ।

## निजामती सेवामा प्रतिनिधित्वको अवस्था

निजामती सेवालाई समावेशी बनाउन आरक्षण सिटको व्यवस्था लागू हुनुपूर्व निजामती सेवामा प्रतिनिधित्वको अवस्था हेर्दा, बाहुन क्षेत्रीको ७१.६ प्रतिशत, आदिबासी जनजातिको १७.५ प्रतिशत, दलितको ०.९ प्रतिशत, मधेशी, मुस्लिम र मारवाडीको ९.९ प्रतिशत रहेको थियो (शेर्पा, २०६७) । तहगत रूपमा राजपत्राङ्कित विशिष्ट श्रेणीमा दलित र मधेशीको प्रतिनिधित्व शून्य रहेको पाइन्छ । त्यस्तै तल्लो श्रेणीमा पनि जनसंख्याको आधारमा महिला, दलित, आदिबासी जनजाति, मुस्लिम, मधेशीको प्रतिनिधित्व हुन सकेको देखिंदैन । मुलुकमा समावेशी नीति लागू भई सकेपछि र नेपालको नयाँ संविधान जारी भई मुलुक संघीयतामा प्रवेशपछि पनि समावेशिताको अवस्थामा उल्लेखनीय परिवर्तन भएको देखिंदैन ।

सन् २०१२ र २०१९ को निजामती सेवामा जातीय तथा लैङ्गिक समावेशितामा आएको परिवर्तन तुलना गर्दा जातजातिगत हिसाबले पहाडे बाहुन क्षेत्रीको बाहुल्यता कायमै रहेको पाइन्छ । सन् २०१२ को तथ्याङ्क अनुसार नेपालको निजामती सेवामा पहाडे बाहुन-क्षेत्री समुदायको उपस्थिति ६२.९ प्रतिशत थियो र सन् २०१९ मा आइपुग्दा ६१.२ प्रतिशत देखिन्छ । सन् २०१२ मा आदिबासी जनजातिको प्रतिनिधित्व १२.५ र २०१९ मा १४ प्रतिशत रहेको छ । यो अवधिमा आदिबासी जनजातिको प्रतिनिधित्व १.५ प्रतिशतले बृद्धि भएको देखिन्छ । दलित समुदायको प्रतिनिधित्वसन् २०१२ मा १.७ र सन २०१९ मा २.८ प्रतिशत देखिन्छ । यो ७ वर्षको अवधिमा केवल १.१ प्रतिशतले बढेको छ । मधेशी समुदायको बाहुन क्षेत्री र मधेशी जातको प्रतिनिधित्व हेर्दा सन् २०१२ र २०१९ मा क्रमशः ८.१ र ११.५ प्रतिशत देखिन्छ । यो हिसावले मधेशी समुदायमा बाहुन क्षेत्रीको प्रतिनिधित्व सुधारिए पनि मधेशका अन्य जातको स्थिति नाजुक देखिन्छ । यी किनारीकृत समुदायमध्ये मुस्लिम समुदायको प्रतिनिधित्व झनै दर्दनाक देखिन्छ । सन २०१२ मा मुस्लिम समुदायको निजामती सेवामा प्रतिनिधित्व ०.५ र सन् २०१९ मा ०.७ प्रतिशत देखिन्छ । अधिकृत र सोभन्दा माथिको तथ्याङ्क हेर्दा आदिबासी जनजाति, दलित, मधेशी र मुस्लिमको प्रतिनिधित्व सन् २०१९ मा क्रमशः ६.५ र ७.८ (नेवार), १.६, १०.३ र ०.४ प्रतिशत देखिन्छ । विशिष्ट श्रेणीमा आदिबासी जनजाति, दलित, मधेशी र मुस्लिमको संख्या अति नगन्य रूपमा रहेको पाइन्छ (तालिका १) ।

लैङ्गिक रूपमा हेर्दा २०१२ मा महिलाको प्रतिनिधित्व १५.८ प्रतिशत रहेको थियो । यो सन् २०१९ मा आईपुग्दा २५.१ प्रतिशत पुगेको देखिन्छ । महिलाभित्र पनि जातिगत रूपमा २०१२ को तथ्याङ्क हेर्दा पहाडे बाहुन क्षेत्री समुदायका महिलाको प्रतिनिधित्व १०.१ प्रतिशत थियो भने मुस्लिम, दलित, मधेशीको प्रतिनिधित्व अत्यन्त न्यून रहेको देखिन्छ । २०१९ मा आइपुग्दा यो अवस्थामा थोरै सुधार भएको देखिन्छ । तर सबैभन्दा बढी पहाडे बाहुन क्षेत्री महिलाको झण्डै ५.५ प्रतिशत बृद्धि भएको देखिन्छ । सन २००७ देखि लागू भएको समावेशिता १२ वर्षमा ५.५ प्रतिशतको दरले जनसंख्याको समानुपातिक प्रतिनिधित्व ५० प्रतिशत पुग्न ६६ वर्ष लाग्ने देखिन्छ (अनुसूची 'क' तालिका १ र २) । महिलाभित्र पनि अति सीमान्तीकृत र लोपोन्मुख समूहका आदिबासी जनजाति, दलित, मुस्लिम र मधेशी समुदायको प्रतिनिधित्व नगण्य रूपमा मात्र रहेका छन् ।

*तालिका १: सन् २०१२ र २०१९ को निजामती सेवामा जनसंख्याको आधारमा विभिन्न जाति/जनजातिहरूको प्रतिनिधित्वको अवस्था*

| जाति/जातजाति | सन् २०१२ | | सन् २०१९ | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| पहाडे बाहुन क्षेत्री | ४८,५३५ | ६२.९ | ५३,६३५ | ६१.२ |
| आदिवासी जनजाति | ९,६१९ | १२.५ | १२,२६९ | १४.० |
| मधेशी जात | ६,२८७ | ८.१ | १०,०४९ | ११.५ |
| नेवार | ६,५२० | ८.४ | ५,२०८ | ५.९ |
| दलित | १,३४५ | १.७ | २,४८३ | २.८ |
| मधेशी बाहुन क्षेत्री | २,२०४ | २.९ | २,१०८ | २.४ |
| मुस्लिम | ४,१९७ | ०.५ | ५७८ | ०.७ |
| अन्य र नखुलेका | २,२७२ | २.९ | १,२७८ | १.५ |
| जम्मा | ७७,२०१ | १००.० | ८७,६०८ | १००.० |

श्रोतः सिडिए, २०२० ।

तर समग्र तथ्याङ्कले के देखाउँछ भने लगभग ३० प्रतिशत जनसंख्या भएको पहाडे बाहुन क्षेत्रीको निजामती सेवामा ६१ प्रतिशत प्रतिनिधित्व रहेका छन् भने लगभग ३५ प्रतिशत जनसंख्या भएको आदिबासी जनजातिहरूको १९.९ प्रतिशत, १६ प्रतिशत जनसंख्या रहेको दलितको ३ प्रतिशत, ५ प्रतिशतको हाराहारीमा जनसंख्या रहेको मुस्लिमको ०.७ प्रतिशत मात्र प्रतिनिधित्व रहेको छ । यो तथ्याङ्कबाट नेपालको जातीय बहुलताको प्रतिनिधित्व निजामती सेवामा हुन सकेको देखिँदैन । आदिबासी जनजातिभित्र पनि हेर्ने हो भने नेवार बाहेक अन्य जातिको प्रतिनिधित्व नगण्य छ । लोपोन्मुख र अति सीमान्तीकृत समूहका जातिहरूको प्रायः शून्य अवस्थामा रहेका छन् । त्यसमा पनि महिलाको प्रतिनिधित्व बहुसंख्यक जातीय समुदायको शून्यको अवस्थामा रहेको छ (अनुसूची 'क' तालिका ३) ।

सन् २०१८ र २०१९ मा निजामती सेवामा आवेदन दिनेको संख्यामा उल्लेख्य संख्यामा बृद्धि भएको पाइए तापनि बाहुन क्षेत्रीको संख्यामा भने कमी आएको देखिन्छ । आरक्षण व्यवस्थाका कारण सीमान्तीकृत समुदायका युवाहरूको आकर्षण बढेको देखिन्छ । विगतको १० वर्षको तथ्याङ्कले लोकसेवा आयोगमा सबैभन्दा बढी पहाडे बाहुन क्षेत्रीकै आवेदन पर्ने गरेका छन् भने आदिबासी जनजातिभित्र नेवार, मगर, थारु, राई, तामाङ र गुरुङको बढी देखिन्छ । २० भन्दा बढी आदिबासी जनजाति समूहबाट हालसम्म पनि निजामती सेवामा प्रवेश गरेको देखिँदैन । त्यस्तै मधेशी, दलित र हिमाली शेर्पा र थकालीबाट अत्यन्त न्यून संख्यामा आवेदन पर्ने गरेको छ (सिडिए, २०२०) ।

प्रस्तुत तथ्याङ्कले निजामती सेवामा पहाडे बाहुन क्षेत्री समुदायको प्रभुत्व कायमै रहेको पाइन्छ । नेपालको संविधानले समावेशितालाई जोड दिएको भएतापनि समावेशी कोटामा पर्नका लागि आवश्यक योग्यता र क्षमता नहुने कारण आरक्षण कोटाको फाइदा सीमित समुदायले मात्र लिने गरेका छन् । संघीयता, समावेशिता, समानुपातिक प्रतिनिधित्व र

सामाजिक न्यायको दृष्टिले नेपालको शासन व्यवस्था र शासकीय संरचना र कानूनी र नीतिगत परिवर्तन भए तापनि निजामती सेवामा महिला, दलित, मधेशी, मुस्लिम र आदिबासी जनजातिको प्रतिनिधित्वको अवस्थामा खासै परिवर्तन देखिँदैन । तापनि आरक्षण कोटाका कारण थोरै संख्यामा भए पनि उत्पीडित र सीमान्तीकृत समुदायले प्रतिनिधित्व हुने अवसर प्राप्त गर्नु आफैंमा सकारात्मक पक्ष मान्न सकिन्छ ।

निजामती सेवामा प्रवेश गर्नका लागि आवश्यक शैक्षिक योग्यता नभएका कारण पनि अधिकांश उत्पीडित र सीमान्तीकृत समुदायबाट आवेदन नै नपरेको देखिन्छ । त्यस्तै पछिल्लो समयमा अधिकांश युवाहरू पढाइ र रोजगारीको सिलसिलामा विदेश पलायन हुने र स्वदेश नफर्कने अनुपातमा बृद्धि हुनु, विभिन्न विदेशी मुलुकहरूमा रोजगारीका लागि अवसर खुला हुनाका कारणले पनि निजामती सेवाप्रति युवाहरूको आकर्षण कम भएको देखिन्छ । त्यस्तै आर्थिक रूपमा सम्पन्न र व्यापार व्यवसायमा सफल जातीय समुदायको रोजाई निजामती सेवा नपर्ने गरेको पनि देखिन्छ ।

## राजनीतिक नेतृत्व तहमा प्रतिनिधित्वको अवस्था

नेपालको संविधान, २०७२ ले संघीय व्यवस्थापिका र प्रदेश व्यवस्थापिका अन्तर्गत समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिबासी जनजाति, मधेशी, थारु, मुस्लिम लगायतका समुदायबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानूनमा व्यवस्था गरेको छ । त्यसैले स्थानीय सरकारको गाउँसभामा दलित वा अल्पसंख्यक समुदायको सदस्य, दुइजना महिलाको प्रतिनिधित्व हुने व्यवस्था छ । त्यसैले स्थानीय, प्रदेशसभा र संघीय संसदमा सीमान्तीकृत, उत्पीडित समुदायको प्रतिनिधित्वको अवस्था हेर्दा सन् २०१७ मा निर्वाचित कूल ७५३ गाउँपालिका र नगरपालिकाको प्रमुखमध्ये मात्र १८ जना (२.४ प्रतिशत) महिला रहेका छन् । कूल संख्याको ४६.५ प्रतिशत पहाडे बाहुन क्षेत्रीको रहेका छन् । त्यस्तै ३०.२ प्रतिशत हिमाल र पहाडका आदिबासी जनजाति, १२.६ प्रतिशत मधेशी र अन्य जातका छन् भने पहाडे दलित, मधेशी दलित र मुस्लिमको प्रतिनिधित्व जनसंख्याको तुलनामा धेरै कम रहेको छ । मधेशी दलितबाट एकजना पनि प्रतिनिधित्व छैन । त्यस्तै नगरपालिकाको मेयरमा पनि लगभग ५० प्रतिशत पहाडे बाहुन-क्षेत्री, १८.८ प्रतिशत मधेशी अन्य जात, ११.६ प्रतिशत हिमाली/पहाडे आदिबासी जनजाति, ६.८ प्रतिशत तराई आदिबासी जनजातिको प्रतिनिधित्व रहेको छ । पहाडे र मधेशी दलित, मुस्लिमको प्रतिनिधित्व २ प्रतिशतभन्दा कम रहेको छ (सिडिए, २०२०) ।

त्यस्तै प्रदेश व्यवस्थापिकाको प्रतिनिधिसभामा "पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली" बमोजिम कूल निर्वाचित ३३० जनामध्ये ४९ प्रतिशत बाहुन क्षेत्री, २८.५ प्रतिशत आदिबासी जनजाति, १८.२ प्रतिशत मधेशी, ३.६ प्रतिशत मुस्लिम रहेका छन् भने दलितको ०.६ प्रतिशत मात्र रहेको छ । त्यस्तै महिलाको संख्या १३ जना (४ प्रतिशतको हाराहारी) मा मात्र रहेको छ । प्रदेशगत रूपमा महिलाको प्रतिनिधित्व ६ प्रतिशतको हाराहारीमा मधेश र बागमती प्रदेशमा पाइन्छ भने कर्णाली र सुदूरपश्चिम प्रदेशबाट १ जना पनि महिला निर्वाचित भएका छैनन् । प्रदेशगत रूपमा प्रत्यक्ष निर्वाचित सदस्यहरू मध्ये

विभिन्न समुदायको प्रतिनिधित्व हेर्दा मधेश प्रदेश बाहेक अन्य सबै प्रदेशहरूमा पुरुष बाहुन क्षेत्रीको वर्चस्व रहेको छ। आदिबासी जनजाति समुदायबाट आदिबासी जनजातिहरूको उल्लेख्य संख्यामा बसोबास रहेका कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशबाट विगतका तुलनामा उल्लेख्य संख्यामा निर्वाचित भएको देखिन्छ। कोशी प्रदेशबाट १ जना दलित पुरुषबाहेक अन्य कुनै पनि प्रदेशबाट निर्वाचित भएका छैन। मुस्लिम र मधेशी समुदायबाट मधेश प्रदेश र लुम्बिनी प्रदेशबाट उल्लेख्य संख्यामा निर्वाचित भएको देखिन्छ, तर अन्य ४ वटा प्रदेशबाट १ जना पनि भएका छैनन्। महिलाको प्रतिनिधित्व प्रायः सबै समुदायबाट अत्यन्त न्यून संख्यामा निर्वाचित भएको पाइन्छ (तालिका २ र अनुसूची 'क' तालिका ४)।

मुख्य राजनीतिक दलहरूबाट प्रत्यक्ष निर्वाचित हुने कूल सदस्य संख्याको १३ जना (३.९%) मात्र महिला निर्वाचित भएका छन्। त्यस्तै प्रत्येक राजनीतिक दलहरूबाट निर्वाचित हुने संख्यामध्ये नेपालका ठूला र पूराना राजनीतिक दलहरू जस्तै नेपाली काँग्रेस र नेकपा (एमाले) पार्टीबाट निर्वाचित हुने सिट संख्याको १.८ प्रतिशत र ३.३ प्रतिशत मात्र महिला रहेका छन्। नयाँ पार्टीको रूपमा रहेका नेकपा (एकीकृत समाजवादी) बाट सबैभन्दा धेरै १३.३ प्रतिशत महिला निर्वाचित भएका छन्। लोकतान्त्रिक समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र स्वतन्त्र उम्मेद्धारहरू मध्येबाट लगभग ८ देखि ११ प्रतिशतका बीचमा महिला निर्वाचित छन्। राष्ट्रिय स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टीबाट कुनै पनि महिला निर्वाचित भएका छैनन् (तालिका ३ र अनुसूची 'क' तालिका ५)। लैङ्गिक रूपमा नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) पार्टी बाहेक अन्य कुनै पनि पार्टीबाट आदिबासी जनजाति महिला निर्वाचित भएका छैनन्। त्यस्तै दलित र मुस्लिमबाट महिला निर्वाचित भएका छैन भने लोकतान्त्रिक समाजवादी र स्वतन्त्र उम्मेदवारहरूबाट १-१ जना मधेशी महिला निर्वाचित भएका छन्। प्रस्तुत तथ्याङ्कले कुनै पनि समुदायको जनसंख्याको हिसाबले बाहुल्यता भएको ठाउँमा समेत महिलाहरू निर्वाचित नहुनु, आफूलाई सबैभन्दा पुरानो, ठूलो दल र लोकतान्त्रिक भन्ने पार्टीहरूबाट उत्पीडित र सीमान्तीकृत समुदायको प्रतिनिधित्व भएको देखिंदैन।

*तालिका २: प्रदेशगत रूपमा प्रत्यक्ष निर्वाचित प्रतिनिधित्व (प्रतिशतमा)*

| प्रदेशको नाम | बाहुन क्षेत्री | आदिवासी जनजाति | दलित | मुस्लिम | मधेशी | कूल प्रतिशत |
|---|---|---|---|---|---|---|
| कोशी | ५१.८ | ३९.३ | १.८ | १.७ | ५.४ | १०० |
| मधेश | ६.३ | ७.८ | ०.० | १२.५ | ७३.४ | १०० |
| बागमती | ५१.५ | ४८.५ | ०.० | ०.० | ०.० | १०० |
| गण्डकी | ७२.२ | २७.८ | ०.० | ०.० | ०.० | १०० |
| लुम्बिनी | ४२.३ | ३२.७ | ० | ५.८ | १९.२ | १०० |
| कर्णाली | ९१.७ | ४.२ | ४.२ | ०.० | ०.० | १०० |
| सुदूरपश्चिम | ७८.१ | २१.९ | ०.० | ०.० | ०.० | १०० |

श्रोत: कोशी प्रदेशसभा र अन्य प्रदेशसभा सदस्यहरू, २०८०।

*तालिका ३: प्रदेश सभाहरूमा मुख्य राजनीतिक दलबाट प्रत्यक्ष निर्वाचित प्रतिनिधित्व (प्रतिशतमा)*

| मुख्य राजनीतिक दल | बाहुन क्षेत्री | आदिवासी जनजाति | दलित | मुस्लिम | मधेशी | कूल प्रतिशत |
|---|---|---|---|---|---|---|
| नेपाली काँग्रेस | ५०.५ | ३१.२ | ०.९ | ३.७ | १३.७ | १०० |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ५६.० | २८.६ | ०.० | २.२ | १३.२ | १०० |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ६९.२ | २३.१ | १.९ | १.९ | ३.८ | १०० |
| नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | ४०.० | ४६.७ | ०.० | ०.० | १३.३ | १०० |
| जनता समाजवादी पार्टी | ०.० | ०.० | ०.० | २०.० | ८०.० | १०० |
| राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) | ४५.५ | ४५.५ | ०.० | ०.० | ९.१ | १०० |
| राष्ट्रिय स्वतन्त्र पार्टी | ०.० | ०.० | ०.० | ०.० | ०.० | १०० |
| लोकतान्त्रिक समाजवादी पार्टी | ११.१ | ०.० | ०.० | ११.१ | ७७.८ | १०० |
| नागरिक उन्मुक्ति पार्टी | ०.० | १०० | ०.० | ०.० | ०.० | १०० |
| जनमत पार्टी | ०.० | ०.० | ०.० | ३३.३ | ६६.७ | १०० |
| स्वतन्त्र उम्मेदवारहरू | २५.० | २५.० | ०.० | ०.० | ५०.० | १०० |
| अन्य | १०० | ०.० | ०.० | ०.० | ०.० | १०० |

श्रोतः कोशी प्रदेशसभा र अन्य प्रदेशसभा सदस्यहरू, २०८० ।

त्यस्तै समानुपातिक प्रणालीबाट निर्वाचित हुने कूल २२० जनामध्ये ७९ प्रतिशत महिला रहेका छन् । पार्टीगत रूपमा सबैभन्दा धेरै नेकपा (एमाले), दोस्रोमा नेकपा (माओवादी)बाट देखिन्छ भने सबैभन्दा कम नेपाली काँग्रेसबाट रहेको देखिन्छ । ५ वटा राजनीतिक दलबाट १ जना पनि प्रतिनिधित्व रहेको देखिदैंन् । जातीय समुदायबाट प्रतिनिधित्व हेर्दा कूल संख्यामध्ये सबैभन्दा बढी ३७.७ प्रतिशत आदिबासी जनजातिको, ३१.४ प्रतिशत बाहुन क्षेत्री, १९ प्रतिशत मधेशी समुदायको रहेका छन् ।

प्रदेशगत रूपमा सबैभन्दा बढी महिलाको प्रतिनिधित्व लुम्बिनीमा देखिन्छ भने सबैभन्दा कम बागमती प्रदेशमा छ । जातीय समुदायको आधारमा सबैभन्दा बढी महिलाको प्रतिनिधित्व आदिबासी जनजातिबाट (२९.५%) छ भने मधेशी र दलित समुदायबाट पनि उल्लेख्य संख्यामा प्रतिनिधित्व रहेको छ । यस तथ्याङ्कबाट समानुपातिक प्रतिनिधित्वका कारण प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुन नसक्ने समुदायबाट संख्यात्मक रूपमा उत्पीडित र सीमान्तीकृत समुदायको प्रतिनिधित्व भएको देखिन्छ । तथापि ती समुदाय भित्रको पनि अतिसीमान्तीकृत, लोपोन्मुख र गरिब विपन्न समूहको प्रतिनिधित्वको सुनिश्चितता हुन सकेको देखिंदैन । समानुपातिक प्रतिनिधित्वको सिद्धान्त र मर्म विपरीत विभिन्न राजनीतिक दलहरूले प्रत्यक्ष चुनावबाट पराजित र चुनावी प्रतिष्पर्धामा हारिने संभावना भएका ठूला दलका नेताहरूको नजिकका नातेदार, आफन्त र अन्य समुदायबाट पनि निश्चित व्यक्तिहरूको लागि सुरक्षित गरिएको कोटाको रूपमा लिएको पाइन्छ (तालिका ४ र अनुसूची 'क' तालिका ६ र ७) ।

*तालिका ४: प्रदेश सभाहरूमा समानुपातिक प्रतिनिधित्वको अवस्था (प्रतिशतमा)*

| प्रदेशको नाम | बाहुन क्षेत्री | आदिवासी जनजाति | दलित | मुस्लिम | मधेशी | कूल प्रतिशत |
|---|---|---|---|---|---|---|
| कोशी | २७.० | ५४.१ | ५.४ | २.७ | १०.८ | १०० |
| मधेश | २.३ | १४.० | ०.० | ११.६ | ७२.१ | १०० |
| बागमती | ३१.८ | ५९.१ | ४.५ | ०.० | ४.५ | १०० |
| गण्डकी | ४१.७ | ४५.८ | १२.५ | ०.० | ०.० | १०० |
| लुम्बिनी | ३७.१ | २८.६ | १४.३ | ५.७ | १४.३ | १०० |
| कर्णाली | ७५.० | ६.३ | १८.८ | ०.० | ०.० | १०० |
| सुदूरपश्चिम | ४२.९ | ४२.९ | १४.३ | ०.० | ०.० | १०० |

श्रोतः कोशी प्रदेशसभा र अन्य प्रदेशसभा सदस्यहरू, २०८०।

*तालिका ५: प्रतिनिधि सभामा प्रत्यक्ष र समानुपातिक निर्वाचनबाट निर्वाचित सदस्य र राष्ट्रिय सभामा जात/जातिगत रूपमा प्रतिनिधित्व (प्रतिशतमा)*

| जात/जातिगत | बाहुन क्षेत्री | आदिवासी जनजाति | दलित | मुस्लिम | मधेशी | कूल प्रतिशत |
|---|---|---|---|---|---|---|
| प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचित | ५८.२ | २४.८ | ०.० | ०.६ | १६.४ | १६.४ |
| समानुपातिक प्रतिनिधित्वबाट निर्वाचित | ३७.३ | ३१.८ | ९.१ | ५.५ | १६.४ | १०० |
| राष्ट्रिय सभा | ७४.६ | ८.५ | १०.२ | १.७ | ५.१ | १०० |

श्रोतः प्रतिनिधि सभा नेपाल, २०७९ र राष्ट्रिय सभा नेपाल, २०८०।

## संघीय संसदमा प्रतिनिधित्व

नेपालको संघीय संसदमा बाहुन क्षेत्रीको संख्या उच्च रहेको छ भने मुस्लिम समुदायको संख्या सबैभन्दा कम रहेको छ। तुलनात्मक रूपमा हेर्दा संघीय संसद र राष्ट्रियसभा दुबैमा बाहुन क्षेत्रीको प्रतिनिधित्व धेरै देखिन्छ। साथै समानुपातिक प्रतिनिधित्व प्रणालीमा समेत बाहुन क्षेत्रीकै बाहुल्यता रहेको छ। त्यसैगरी लैङ्गिक आधारमा संघीय संसद र राष्ट्रिय सभामा महिलाहरूको तुलनामा पुरुषहरूको संख्या उच्च रहेको छ।

संघीय संसद अन्तर्गतको प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित १६५ जनामध्ये ९ जना (५.५ प्रतिशत) मात्रै महिला छन्। दलित र मुस्लिम समुदायबाट १ जना पनि निर्वाचित भएका छैनन्। आदिबासी जनजाति समुदायबाट २४.८ प्रतिशत र मधेशी समुदायबाट १६.२ प्रतिशत निर्वाचित भएका छन्। त्यस्तै समानुपातिक निर्वाचन प्रणालीमा निर्वाचित ११० जनामध्ये ८९ प्रतिशत महिला छन् र त्यसमध्ये सबैभन्दा बढी महिलाको संख्या बाहुन क्षेत्री र आदिबासी जनजातिबाट भएको छ- दलित, मधेशी र मुस्लिमबाट जनसंख्याको लगभग हाराहारीमा निर्वाचित छन् (तालिका ५ र अनुसूची 'क' तालिका ८ र ९)।

राजनीतिक दलबाट प्रत्यक्ष निर्वाचितमध्ये जनता समाजवादी पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी (राप्रपा), लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टी, स्वतन्त्र उम्मेदवारहरू मध्येबाट कुनै पनि महिला निर्वाचित हुन सकेनन् । मुलुकको सबैभन्दा पुरानो र ठूलो पार्टीको रूपमा रहेको नेपाली कांग्रेसबाट मात्र ३.६ प्रतिशत महिला जित्न सफल भएका छन् भने अन्य राष्ट्रिय पार्टीहरूबाट २० प्रतिशतभन्दा बढी निर्वाचित भएको देखिंदैन । त्यस्तै समानुपातिकतर्फबाट ७ वटा राजनीतिक दलबाट निर्वाचित भएकामध्ये जनता समाजवादी र जनमत पार्टीबाट १ जना पनि महिलाको प्रतिनिधित्व भएको छैन ।

माथि प्रस्तुत तथ्याङ्कको आधारमा विभिन्न राजनीतिक दलहरूले प्रत्यक्ष चुनावमा महिला उम्मेदवारी नै कम दिने र उम्मेदवारी दिएका मध्ये पनि धेरै जसो पराजित हुने गरेको देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने महिला र अन्य सीमान्तीकृत समुदायप्रति हेर्ने दृष्टिकोण र उनीहरूको नेतृत्व नस्वीकार्ने प्रवृत्ति रहेको छ । त्यसैले समानुपातिक प्रतिनिधित्व प्रणालीको अभ्यासमा केही विकृति देखिए तापनि यसले बाध्यात्मक रूपमा राजनीतिक दलहरूले विभिन्न समुदायबाट प्रतिनिधित्व गराउनु पर्ने र मुलुकले स्वीकार्नै पर्ने स्थिति सिर्जना गर्नु महत्वपूर्ण उपलब्धिको रूपमा लिन सकिन्छ (अनुसूची 'क' तालिका १० र ११) ।

राष्ट्रिय सभामा कूल सदस्य संख्याको सबैभन्दा धेरै ७४.६ प्रतिशत बाहुन क्षेत्री समुदायबाट छ भने मुस्लिमको सबैभन्दा कम र आदिबासी जनजाति समुदायबाट जनसंख्याको हिसाबले धेरै कम (८.५ प्रतिशत) रहेका छन् । मधेशी समुदायबाट ५.१ प्रतिशत रहेको छ । लैङ्गिक रूपमा ३५.६ प्रतिशत महिलाको प्रतिनिधित्व रहेको छ भने जातिगत रूपमा ७४.६ प्रतिशत बाहुन क्षेत्रीबाट प्रतिनिधित्व देखिन्छ । आदिबासी जनजाति, मधेशी र मुस्लिमको प्रतिनिधित्व जनसंख्याको तुलनामा अति कम देखिन्छ (हेर्नुहोस् तालिका ५) । त्यस्तै मुख्य राजनीतिक दलहरूबाट प्रतिनिधित्व हेर्दा कूल सदस्य संख्याको लगभग ९० प्रतिशत मुख्य ४ राजनीतिक दलबाट र बाँकी मात्र अन्य पार्टीबाट प्रतिनिधित्व देखिन्छ । राष्ट्रिय सभामा कतिपय पार्टीको प्रतिनिधित्व नै छैन । चार मुख्य राजनीतिक दलहरूमध्ये पनि सबैभन्दा बढी नेकपा (माओवादी केन्द्र) बाट रहेका छन् । महिलाको सबैभन्दा बढी प्रतिनिधित्व नेकपा एमालेबाट रहेको छ । मुस्लिम र दलित समुदायको प्रतिनिधित्व कुनै पनि दलबाट छैन ।

प्रस्तुत तथ्याङ्कका आधारमा हेर्दा राष्ट्रिय सभा समावेशी देखिंदैन । बाहुन क्षेत्रीको प्रभुत्व कायमै देखिन्छ भने उत्पीडित र सीमान्तीकृत समुदायको प्रतिनिधित्व कम देखिन्छ । संघीय संसदमा प्रतिनिधित्व हेर्दा यदि समानुपातिक निर्वाचन प्रणाली नहुने हो भने राजनीतिक दलहरूबाट उत्पीडित र सीमान्तीकृत समुदायको प्रतिनिधित्व अति नगण्य रूपमा मात्र हुने, जातीय र लैङ्गिक रूपमा केही निश्चित समुदायबाहेक अरुले अवसर नपाउने प्रष्ट देखिन्छ ।

## मन्त्रिपरिषद्मा प्रतिनिधित्व

नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम संघीय संसदको सदस्यहरू मध्ये बाट समावेशी सिद्धान्त बमोजिम बढीमा पच्चीस जना मन्त्री रहेको मन्त्रिपरिषद् गठन गर्न सकिने व्यवस्था छ । वर्तमान केन्द्र सरकारमा भएको कूल २२ जना मन्त्रीमध्ये ४ जना (१८.२%) मात्र महिला रहेका छन् । केन्द्र सरकारमा बाहुन क्षेत्री, आदिबासी जनजाति र

मधेशी समुदायबाहेक अन्य समुदायको प्रतिनिधित्व देखिँदैन । समानुपातिक प्रतिनिधित्व हेर्दा आदिबासी जनजाति समुदायबाट ३६ प्रतिशत र मधेशीबाट १८ प्रतिशत हुनुले उनीहरूको प्रतिनिधित्व उल्लेख्य संख्यामा बृद्धि भएको पाइन्छ ।

त्यस्तै संविधानको धारा १६८ को उपधारा ९ बमोजिम प्रदेश सभाका सदस्यहरू मध्येबाट समावेशी सिद्धान्तबमोजिम मुख्यमन्त्रीसहित प्रदेश सभाका कूल सदस्य संख्याको २० प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्नसक्ने व्यवस्था छ । प्रदेशको मुख्यमन्त्रीमा महिलाको प्रतिनिधित्व शून्य छ भने पुरुषमध्ये पनि ८५ प्रतिशतभन्दा बढी बाहुन क्षेत्री छन् । दलित र मुस्लिमबाट कुनै पनि प्रतिनिधित्व छैन भने मधेशी समुदायबाट १ जना रहेका छन् (अनुसूची 'क' तालिका १३) ।

प्रदेशगत रूपमा मन्त्रीहरू हेर्दा हालसम्म कोशी र कर्णाली प्रदेशमा सरकार गठन भई नसकेको र बाँकी ५ प्रदेशको मन्त्रीहरूमा बाहुन क्षेत्रीको बाहुल्यता पाइन्छ । महिलामा पनि सबैभन्दा बढी बाहुन क्षेत्री नै रहेका छन् । दलित समुदायबाट प्रतिनिधित्व शून्य छ । प्रस्तुत तथ्याङ्कका आधारमा संविधानमा समावेशी सिद्धान्त बमोजिम मन्त्रिपरिषद् गठन गर्नुपर्ने व्यवस्था हुँदाहुँदै पनि संविधानको मर्म विपरीत मन्त्रिमण्डल गठन गर्ने अभ्यासका कारण राजनीतिक नेतृत्व तहमा बाहुन क्षेत्रीको प्रभुत्व कायमै रहेको छ (अनुसूची 'क' तालिका १) ।

नेपालको संविधानले कम्तिमा ३३ प्रतिशत महिला संघ र प्रदेश सभामा हुनुपर्ने व्यवस्थाका कारण प्रत्यक्ष चुनावबाट जित्न नसके पनि समानुपातिक तर्फबाट प्रतिनिधित्व गर्न पाउने अवसर सिर्जना हुनु सकरात्मक देखिन्छ । तर पनि समानुपातिक उम्मेदवार छनौट गर्दा राजनीतिक दलकै नेताहरूको नातेदार र नजिकका, आर्थिक र राजनीतिक रूपमा चलखेल गर्न सक्ने व्यक्तिहरूलाई छनौट गर्ने अभ्यासका कारण समावेशी, समानुपातिक सिद्धान्तको मर्म विपरीत अभ्यास भई रहेको छ । जसका कारण समाजमा किनारीकृत र सीमान्तीकृत समुदायको राजनीतिक नेतृत्वमा पहुँच र प्रतिनिधित्वको सवाल कायमै रहेको छ ।

## छलफल तथा विश्लेषण

सामाजिक बहिष्करण र समावेशीकरण आफैंमा जटिल र बहुआयामिक अवधारणा हो । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक मुलुक हो । राष्ट्रिय जनगणना २०७८ अनुसार, नेपालमा १४२ वटा जातजातिहरू, १२४ वटा मातृभाषा र १० वटा धर्म रहेका छन् । शिक्षा, स्वास्थ्य, आर्थिक अवस्था हेर्दा यिनीहरूका बीचमा ठूलो असमानता पाइन्छ । त्यस्तै राज्यको निकायहरूमा पनि यिनीहरूको प्रतिनिधित्वमा ठूलो असमानता देखिन्छ । ऐतिहासिक रूपमा राज्यले निश्चित जाति, भाषा र धर्मलाई कानूनी मान्यता प्रदान गरी संस्थागत गरेका कारण समाजमा जातको आधारमा सामाजिक स्तरीकरण, सामाजिक असमानता, विभेद र राज्यको सेवासुविधा, अवसर र श्रोतहरूबाट महिला, दलित, मधेशी, मुस्लिम र आदिबासी जनजातिलाई बञ्चितीकरण र बहिष्करणमा पारेको देखिन्छ । तसर्थ राज्यका स्रोत र अवसरहरूमा समान पहुँच नहुँदा, संरचित अभ्यास विरुद्ध बहिष्करणमा परेका समुदायहरूले बहिष्करणका विरुद्धमा सामाजिक र राजनीतिक आन्दोलन मार्फत् आवाज उठाउन थाले (प्रधान, २००७ र भट्टचन, २००९) ।

हाल मुलुक एकात्मक केन्द्रीकृत व्यवस्थाबाट संघीय व्यवस्थामा प्रवेश गरेको छ । नेपालको संविधान २०७२ मा स्पष्ट रूपमा समावेशी र सहभागितामूलक निर्णय प्रक्रिया मार्फत् समाजका समस्या समाधानमा जोड दिएको छ । संविधानले तीनै तहका सरकारको नीतिनिर्माण प्रक्रिया समावेशी र सहभागीमूलक हुनुपर्नेमा जोड दिएको छ । त्यस्तै विगतमा विभिन्न राजनीतिक कालखण्डमा सीमान्तीकरण र बहिष्करणमा परेका महिला, दलित, जनजाति, मधेशी, मुस्लिम अल्पसंख्यक लगायतका जाति र समुदायको प्रतिनिधित्व राज्यका नीतिनिर्माण र कार्यान्वयन तहमा समानुपातिक समावेशिताको सुनिश्चितताका लागि कानूनी र नीतिगत व्यवस्थाहरू गरिएका छन् ।

समावेशी नीति लागू भएको १६ वर्षमा निजामती सेवामा उत्पीडित र सीमान्तीकृत समुदायको प्रतिनिधित्वमा खासै उल्लेखनीय परिवर्तन भएको देखिंदैन । सिल्भर (१९९४) ले भने जस्तै निजामती सेवामा बाहुन क्षेत्री समुदायको प्रभुत्व लोकतन्त्र आउनुपूर्व मात्र नभएर लोकतन्त्र आइसकेपछि पनि कायमै रहेको पाइन्छ । सन् २०१२ र २०१९ बीचमा मधेशी, दलित र मुस्लिमको केही मात्रामा बृद्धि भए तापनि आदिबासी जनजातिको संख्या घटेको पाइन्छ । यही अनुपात कायम रहने हो भने आदिबासी जनजातिको जनसंख्याको समानुपातिक प्रतिनिधित्व पुग्न १६६ वर्ष लाग्ने देखिन्छ । आदिबासी जनजातिभित्र पनि नेवार जातिको प्रतिनिधित्व उल्लेख्य रूपमा रहेको तर अधिकांश अल्पसंख्यक आदिबासी जनजातिको प्रतिनिधित्व प्रायः शून्य अवस्थामा रहेको छ । त्यस्तै दलितको प्रतिनिधित्व पनि हालको अनुपातमा बृद्धि हुने हो भने १३ प्रतिशतको हाराहारीमा जनसंख्या रहेको दलितको समानुपातिक प्रतिनिधित्व पुग्न ८२ वर्ष लाग्ने, मधेशी समुदायको समानुपातिक प्रतिनिधित्व पुग्न ५० वर्ष लाग्ने देखिन्छ । त्यस्तै मुस्लिमको समानुपातिक प्रतिनिधित्व पुग्नको लागि लगभग १७५ वर्ष लाग्ने देखिन्छ (राष्ट्रिय महिला आयोग र अन्य आयोग, २०८०) ।

अधिकृत वा सोभन्दा माथिको तथ्याङ्कले दलित, महिला, मधेशी, मुस्लिम, जनजातिको प्रतिनिधित्व धेरै कम रहेको देखिन्छ । समावेशी कोटामा पर्नका लागि पनि निश्चित योग्यता चाहिने तर सीमान्तीकृत र उत्पीडितहरूको शैक्षिक अवस्था कम भएका कारण निश्चित समुदायले मात्र फाइदा लिने गरेकाले समावेशिता, समानुपातिक प्रतिनिधित्व र सामाजिक न्यायको दृष्टिले नेपालको शासन व्यवस्था, शासकीय संरचना र कानूनी र नीतिगत परिवर्तन भए तापनि निजामती सेवामा महिला, दलित, मधेशी, मुस्लिम र जनजातिको प्रतिनिधित्वको अवस्थामा खासै उल्लेखनीय परिवर्तन देखिंदैन । निजामती सेवामा पहाडे बाहुन क्षेत्री समुदाय र त्यसभित्र पनि ७५ प्रतिशत पुरुषको बाहुल्यता छ । दुई तिहाईभन्दा बढी जनसंख्या भएको आदिबासी जनजाति, थारु, दलित, मुस्लिम लगायतको प्रतिनिधित्व निजामती सेवामा एक तिहाईको वरिपरि हुनुले अझै पनि नेपालको निजामती सेवा समावेशी हुनसकेको देखिंदैन ।

आरक्षणसम्बन्धी व्यवस्थाले नेपालको सम्पूर्ण सार्वजनिक सेवालाई समावेशी बनाउन सकारात्मक योगदान गरेको छ । नेपाली समाज क्रमशः समतामूलक बन्दै गएको छ । सरकारी सेवामा सबैले प्रवेश गर्न सक्दछ र यो कुनै वर्ग वा जात विशेषको लागि मात्र होइन भन्ने मान्यता स्थापित हुँदै गएको छ । आरक्षणले उत्पीडित र सीमान्तीकृत जात, जाति, लिङ्ग, वर्ग, समूह र समुदायको प्रवेश र परिचालनले नेपालको शासकीय व्यवस्थाप्रति

सबै समुदायको विगतमा हेर्ने गरेको दृष्टिकोणमा परिवर्तन आउँदै गरेको देखिन्छ । आरक्षणका केही नकारात्मक पक्षहरू पनि भएको मानिन्छ, यसले योग्यता र उत्कृष्टता कमजोर हुने तर्क गरिन्छ, तर उत्कृष्टता छनोटमा हो कि कार्यसम्पादनमा भन्ने कुरालाई छलफलमा ल्याएको भने देखिंदैन । आरक्षण केही सीमित वर्ग वा समुदायलाई दिइन्छ तर जुन समुदायले यो सुविधा पाउँदैन उनीहरूले समानताको हक उल्लंघन हुने र सामाजिक विभाजनले निरन्तरता पाउने तर्क गर्दछन् । त्यस्तै आरक्षणले एउटा समूह र समूहभित्र पनि निश्चित वर्ग र त्यसभित्र पनि सीमित समूहलाई लाभान्वित गराउने जोखिम रहने मानिन्छ ।

सरकारी सेवामा समावेशिता सँगसँगै राजनीतिक नेतृत्वमा समावेशिताको मुद्दा एक-अर्काका पूरक हुन् र यी दुबै सँगसँगै जानुपर्छ भन्ने यस आलेखको मुख्य आशय हो । नेपालमा संघीय संविधान लागू भएको आठ वर्ष नाघिसकेको छ । यसबीचमा संघमा १० वटा सरकार फेरिएका छन्, यो संविधान अन्तर्गत दोश्रो निर्वाचन सम्पन्न भइसकेको छ । दोश्रो निर्वाचन सम्पन्न भएपछिको १५ महिनामा संघ र सबै प्रदेशमा कम्तिमा ३ पटक सरकार र राजनीतिक समीकरण फेरिएको छ । जतिसुकै सरकार फेरिएता पनि राज्यको निकायमा उत्पीडित र सीमान्तीकृत समुदायको प्रतिनिधित्व फेरिएको छैन । राजनीतिक नेतृत्व तहमा पनि उत्पीडित र सीमान्तीकृत समूहको प्रतिनिधित्वको अवस्थामा खासै उल्लेखनीय परिवर्तन देखिंदैन । संघीय व्यवस्थापिका/संसदमा पहाडे बाहुन क्षेत्रीको बाहुल्यता कायमै छ ।

नेपालको लोकतान्त्रिक र समावेशी संविधान र यसले संस्थागत गरेको संघीय राज्य प्रणाली समावेशी हुनसकेको देखिंदैन । हेडेन (१९९२) ले भनेझैं राज्यको संवैधानिक र कानूनी संरचनाले जातीय रूपमा परिभाषित राष्ट्रमा कुनै निश्चित जातजातिका सदस्यहरूले अवसर प्राप्त गर्दछ भने अन्य समुदाय अवसरबाट बञ्चित हुन पुग्दछ । नेपाल सामाजिक, सांस्कृतिक रूपमा विविधता भएको मुलुक भए तापनि राज्यले संवैधानिक र कानूनी रूपमा विगत लामो समयदेखि एउटै समुदाय खासगरी पहाडे बाहुन क्षेत्री त्यसमा पनि पुरुष बाहुल्य कर्मचारीतन्त्र भएको मुलुकमा पटक-पटकको राजनीतिक परिवर्तनले पनि सामाजिक समावेशितामा खासै परिवर्तन ल्याउन नसकेको तथ्यांकले देखाउँछ । सन् २००६, २०१२ र २०१९ सालको निजामती सेवाको तथ्यांकले निजामती सेवामा बाहुन क्षेत्रीको प्रभुत्व आजसम्म पनि कायमै रहेको देखिन्छ । नेपालको विविधतालाई सम्बोधन गर्न समावेशी नीति अन्तर्गत निजामती सेवामा आरक्षणको व्यवस्था गरेको कारण महिला, दलित, मुस्लिम र जनजातिको प्रतिनिधित्व थोरै संख्यामा भएपनि बृद्धि भएको देखिन्छ । सन् २०१२ र २०१९ को अन्तरालमा बाहुन क्षेत्रीको उपस्थितिमा १.७ प्रतिशतले कमी आएको देखिन्छ । निजामती सेवामा जनसंख्याको अनुपातको तुलनामा उत्पीडित र सीमान्तीकृत समुदायको कम प्रतिनिधित्व रहेको देखिन्छ । नेपालको वर्तमान संविधानले परिकल्पना गरेको समानुपातिक र समावेशी प्रतिनिधित्व सोचे अनुरूप हुनसकेको छैन ।

नेपालको सामाजिक बहिष्करण र समावेशीकरणलाई राज्यसँग अलग गरेर हेर्न सकिंदैन । यो समाजको सामाजिक, सांस्कृतिक र आर्थिक प्रक्रियासँग अन्तरनिहित हुन्छ । बहिष्करण र समावेशीकरणमा राज्य र समाजको सम्बन्धको भूमिका हुन्छ । यसलाई सामाजिक र राजनीतिक अधिकारसँग जोडेर हेरिनुपर्दछ । राजनीतिक अधिकारले राजनीतिक शक्तिको अभ्यास र प्रक्रियामा सरकारको विभिन्न संस्थाहरूमा सहभागी र प्रतिनिधित्व हुने अधिकारको

सुनिश्चितता गर्दछ (स्टोक र मानन्धर, २०१०) । तीनै तहका सरकारहरूमा समावेशिताको अवस्था हेर्दा बाहुन क्षेत्रीको प्रभुत्व विगतदेखि हालसम्म पनि कायमै रहेको देखिन्छ । २०७९ सालमा सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभाको चुनावको नतिजा हेर्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने १६५ सदस्यमध्ये बाहुन क्षेत्री सबैभन्दा धेरै ५८.२ प्रतिशत छन् भने दलितको कुनै पनि प्रतिनिधित्व छैन र मुस्लिमको ०.६ प्रतिशत मात्र छ । महिलाको प्रतिनिधित्व ५.५ प्रतिशत मात्र रहेको छ । यसरी हेर्दा प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुनेमा बाहुन क्षेत्री कै प्रभुत्व कायमै रहेको देखिन्छ । महिलालाई राजनीतिक नेतृत्वको रूपमा नेपाली समाजले स्वीकार गर्न नसक्नुमा पितृसत्तात्मक सोच र राज्यको नीति जिम्मेवार रहेको देखिन्छ । प्रस्तुत तथ्यांकले बाहुन क्षेत्री समुदायले राज्यको नीतिनिर्माण तहमा निरन्तर रूपमा आफ्नो प्रभुत्व जमाई यहाँका अल्पसंख्यक र सीमान्तीकृत समुदायलाई राज्यको श्रोतमाथिको पहुँच र नीतिनिर्माण गर्ने निकायमा प्रतिनिधित्व हुने अवसरबाट वञ्चितीकरणमा पारेको देखिन्छ ।

समानुपातिक निर्वाचन प्रणालीमार्फत् सीमान्तीकृत समुदायको प्रतिनिधित्व हुने अवसर सिर्जना भए तापनि समग्रमा हेर्दा बाहुन क्षेत्री कै बाहुल्यता देखिन्छ । आदिबासी जनजाति, दलित र मुस्लिमको प्रतिनिधित्व जनसंख्याको अनुपातमा कम देखिएता पनि विगतको तुलनामा उल्लेख्य संख्यामा बृद्धि भएको देखिन्छ । यसबाट के प्रष्ट हुन आउँछ भने ऐतिहासिक रूपमा उत्पीडन, विभेद र बहिष्करणमा परेका/पारिएका समुदायको नीतिनिर्माण तहमा समावेश गराउने प्रभावकारी संयन्त्रको रूपमा समानुपातिक प्रतिनिधित्व प्रणालीलाई लिन सकिन्छ ।

त्यस्तै प्रदेश सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुन कूल संख्या ३३० मध्ये ३.९ प्रतिशत मात्र महिला निर्वाचित भएका छन् । कर्णाली र सुदुरपश्चिमबाट कुनै पनि महिला निर्वाचित भएको देखिंदैन । निर्वाचित मध्ये ४९ प्रतिशत बाहुन क्षेत्रीकै रहेको छ । मधेशी र मुस्लिमको प्रतिनिधित्वमा बृद्धि भएको छ भने दलितको अवस्थामा खासै परिवर्तन देखिंदैन । यसले संवैधानिक र कानूनी रूपमा जातीय विभेद अन्त गरिएता पनि व्यावहारिक रूपमा अन्त भएको देखिंदैन । दलित र अन्य समुदाय र राज्यसँगको सम्बन्धमा परिवर्तन हुन अझै बाँकी देखिन्छ । हिजोको जात व्यवस्थाका कारण आजसम्म पनि नेपाली समाजले दलितको नेतृत्व स्वीकार गर्न आनाकानी गरेको तथ्याङ्कले देखाउँछ ।

संविधानमा समावेशी सिद्धान्तबमोजिम मन्त्रिपरिषद् गठन गर्नुपर्ने व्यवस्था भएपनि वर्तमान केन्द्र सरकारमा कूल २२ जना मन्त्रीमध्ये ४ जना (१८.२%) मात्र महिलाको प्रतिनिधित्व रहेको छ । पुरुष मन्त्रीमध्ये पनि ५० प्रतिशत बाहुन क्षेत्री समुदायका छन् भने दलित र मुस्लिम समुदायबाट कुनै पनि प्रतिनिधित्व रहेको छैन । त्यस्तै प्रदेशको मुख्यमन्त्रीमा महिलाको प्रतिनिधित्व शून्य रहेको छ । पुरुषमध्ये ७१ प्रतिशतभन्दा बढी बाहुन क्षेत्री रहेका छन् । दलित र मुस्लिमबाट कुनै पनि प्रतिनिधित्व छैन भने आदिबासी जनजाति र मधेशी समुदायबाट १-१ जना मात्र रहका छन् ।

प्रदेश मन्त्रीहरूमा दलित र मुस्लिम समुदायबाट १-१ जना मात्र रहेका छन् । त्यस्तै महिलामा पनि सबैभन्दा बढी बाहुन क्षेत्रीबाट रहेका छन् । प्रस्तुत तथ्याङ्कका आधारमा समावेशी

सिद्धान्त बमोजिम मन्त्रिपरिषद् गठन गर्नुपर्ने स्पष्ट व्यवस्था हुँदाहुँदै पनि संविधानको मर्म विपरीत मन्त्रिमण्डल गठन गर्ने अभ्यास कायमै रहेका कारण राजनीतिक नेतृत्व तहमा उत्पीडित र सीमान्तीकृत समुदायको प्रतिनिधित्व कम रहेको देखिन्छ ।

संवैधानिक, कानूनी र नीतिगत परिवर्तनले मात्र मुलुक र समाजमा ऐतिहासिक कालदेखि जातजाति, भाषा, धर्म, संस्कृति र पहिचानका आधारमा सिर्जना भएको असमानता, विभेद, सामाजिक सम्वन्ध र शक्ति सम्बन्धहरू तुरुन्त परिवर्तन नहुने र परिवर्तन हुन समय लाग्ने देखिन्छ । अर्कोतर्फ क्षमता बञ्चितीकरणका कारण कतिपय अति सीमान्तीकृत र उत्पीडित समुदायहरू चाहेर पनि नीतिनिर्माण र कार्यान्वयन तहमा जान नसकेको देखिन्छ (सेन, २०००) । निजामती सेवामा प्रवेश गर्न निश्चित शैक्षिक योग्यता आवश्यक पर्दछ । अधिकांश सीमान्तीकृत समुदायका व्यक्तिहरू शिक्षाको अवसरबाट विगतमा बञ्चितीकरणमा परेका कारण निजामती सेवामा आउन सकेका छैनन् । त्यस्तै कतिपयको आर्थिक अवस्था कमजोर हुनाका साथै भू-स्वामित्व नभएका कारण दुई छाक खानाको लागि संघर्ष गर्नुपर्ने कारण चाहेर पनि राजनीतिक नेतृत्वमा आउन नसकेको देखिन्छ । राजनीतिमा विगत लामो समयदेखि नै बाहुन क्षेत्रीको प्रभुत्व रहेका कारण अन्य समुदायले उनीहरूसँग प्रतिष्पर्धा गर्ने क्षमता विकास नभएको देखिन्छ ।

नेपालमा पछिल्लो समयमा आएर उत्पीडन र सीमान्तीकरणमा परेका समुदायलाई नीतिनिर्माण र कार्यान्वयन तहमा समावेशी प्रतिनिधित्वको लागि राज्यले पहल गरेको छ । आरक्षण कोटा र समानुपातिक प्रतिनिधित्वका कारण संख्यात्मक रूपमा निर्णायक तहमा महिला, आदिबासी जनजाति, मधेशी, दलित र मुस्लिमको थोरै संख्यामा भए तापनि प्रतिनिधित्व रहेको तथ्याङ्कले देखाउँछ । तर निजामती सेवाको खुल्ला प्रतिष्पर्धा र प्रत्यक्ष निर्वाचन प्रणालीमा हेर्ने हो भने यिनीहरूको संख्या विगतको तुलनामा खासै परिवर्तन हुन सकेको छैन । अल्पसंख्यक र सीमान्तीकृत समुदायभित्रको पनि सीमान्तीकृत समूहलाई यसले संवोधन गर्न सकेको छैन । त्यसैले आगामी दिनमा आरक्षणभित्र पनि आरक्षणको व्यवस्था, समानुपातिक प्रतिनिधित्वमा सीमान्तीकृत समुदाय भित्रको पनि सबैभन्दा पछि परेका समुदायलाई अवसर दिने संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

हाम्रो मुलुकका अधिकांश भूभाग हिमाल र पहाडले ढाकिएको हुनाले विगतमा भौगोलिक विकटताका कारण विकट ठाउँहरूमा राज्यको उपस्थिति हुन नसकेका कारण विकासको मूलधारबाट त्यहाँका बासिन्दाहरू वञ्चितीकरण र बहिष्करणमा परेको पाइन्छ । त्यसैले आज आएर तिनीहरूलाई विकासको मूल प्रवाहमा र नीतिनिर्माण तहमा प्रतिनिधित्व सुनिश्चित गर्न राज्यले पहल गर्नुपर्ने देखिन्छ । सामाजिक समावेशीकरणलाई राज्यको विभिन्न निकाय र संयन्त्रहरूमा उत्पीडित र सीमान्तीकृत समुदायको संख्यामा बृद्धि गर्नु मात्र नभई समाजमा विद्यमान असमान शक्ति सम्बन्ध, राज्य र समाजबीचको सम्बन्ध, विभेद र असमानतालाई परिवर्तन गर्नु हो । त्यसैले नेतृत्व तहमा प्रतिनिधित्व हुनु मात्र समावेशीकरण होइन । समाजमा विद्यमान छुवाछुत, सामाजिक, सांस्कृतिक, जातीय, भाषिक विभेद र असमानताको अन्त गरी उनीहरू बीचको सम्बन्धलाई परिवर्तन गर्नु हो ।

आरक्षण कोटाले ऐतिहासिक अन्यायलाई क्षतिपूर्ति गर्न सक्दछ । तर समावेशी नीति कार्यान्वयनका लागि सामाजिक समानतामा आधारित विभेदरहीत कानून निर्माण हुन जरुरी छ । सामाजिक समावेशीकरण उत्पीडित र सीमान्तीकृत समुदायको मूलधारमा प्रतिनिधित्व गराउने, विकासको मूल प्रवाहमा ल्याउने मात्र नभएर मुलुकमा बसोबास गर्ने सबैको भाषा, धर्म, संस्कृति, पहिचान, प्रतिष्ठाको सम्मान गरी नेपाली समाजको बहुलताको सम्मान गरी आफूभन्दा फरक व्यक्ति, संस्कृति र पहिचानको सम्मान गर्नु हो (टेलर, १९९२) ।

समावेशीकरण नीतिनिर्माण प्रक्रियामा संख्यात्मक रूपमा व्यक्तिको प्रतिनिधित्व गराउने मात्र नभई उनीहरूको अर्थपूर्ण प्रतिनिधित्व र सहभागीताको लागि क्षमता विकास गर्नु पनि हो । त्यसैले मुलुकमा समृद्धि, सामाजिक न्यायको सुनिश्चिचताका लागि समावेशी सिद्धान्तको आधारमा उत्पीडित, सीमान्तीकृत र बहिष्करणमा परेका समुदाय र ती समुदायभित्र पनि सबैभन्दा पछाडि परेका वर्ग र समूहलाई मुलुकको नीतिनिर्माण र कार्यान्वयन तहमा प्रतिनिधित्व सुनिश्चितताको लागि प्रभावकारी संयन्त्र निर्माण गरी पहल गर्नुपर्दछ ।

## निष्कर्ष

समावेशीकरण र बहिष्करणको मुद्दालाई ऐतिहासिक कालक्रममा दृष्टान्तमा ल्याउँदै पुनरावृत्ति गराइएको यो आलेखले, वर्तमानमा उत्पीडित र सीमान्तीकृत समुदाय र वर्गको समावेशिताको मुद्दाले लिएको आकारको स्वरूपमाथि सचित्र प्रकाश पार्दै त्यसमाथि व्याख्या र विश्लेषण गरी समाजशास्त्रीय चिन्तनलाई अघि सारेको छ । नीतिगत तहमा समावेशिताको मुद्दाले स्थान पाए तापनि अझै पनि कागजमा एउटा र व्यवहारमा अर्कै स्थिति देखिन्छ । निजामती सेवा र राजनीतिक प्रतिनिधित्वको ऐतिहासिक पृष्ठभूमिभित्र उत्पीडित र सीमान्तीकृत समुदायको प्रतिनिधित्व नगण्य देखिएको छ । ऐतिहासिक रूपमा मुलुकको सामाजिक संरचना, जातीय, लैङ्गिक, सांस्कृतिक र भौगोलिक आधारमा सृजित संरचनागत असमानता र विभेदले उत्पीडित र सीमान्तीकृत समुदायहरू राज्यको नीतिनिर्माण प्रक्रियामा प्रतिनिधित्व लगायत महत्वपूर्ण सामाजिक, राजनीतिक, आर्थिक अवसरहरूबाट समेत वञ्चितीमा परेका छन् ।

नेपालमा सामाजिक समावेशीकरण र सीमान्तीकृत समुदायको प्रतिनिधित्वका लागि राज्यको तर्फबाट महत्वपूर्ण प्रयासको थालनी भइसकेको भए तापनि यस प्रक्रियाले व्यावहारिक पूर्णता पाउन अझै सकिरहेको छैन । साँचो अर्थमा समावेशिता हासिल गर्नका लागि कानूनी सुधार, नीतिगत कार्यान्वयन, पुरातन सोच र मानसिकतामा परिवर्तन, सीमान्तीकृत समुदायको सशक्तिकरणका लागि बहुआयामिक अवधारणा चाहिन्छ । त्यसैले आगामी दिनमा राज्यको नेतृत्व तहमा महिला, दलित, आदिबासी जनजाति, मधेशी, मुस्लिम, विपन्न वर्ग, क्षेत्रीय रूपमा पिछडिएका वर्ग, अल्पसंख्यक तथा सीमान्तीकृत समुदायको समानुपातिक समावेशिता बढाउनु जरुरी छ । सामाजिक न्यायको सिद्धान्तका आधारमा प्रतिनिधित्व गराउन उनीहरूको आर्थिक सशक्तिकरण, क्षमता विकास र शिक्षामा विशेष जोड दिई क्षमता प्रदर्शन गर्ने अवसर प्रदान गर्नुका साथै समावेशी सिद्धान्तको मर्मअनुसार राज्यले नीतिनिर्माण र कार्यान्वयनमा जोड दिन सक्नुपर्दछ । राज्यको विद्यमान नीतिले अल्पसंख्यक र सीमान्तीकृत समुदायभित्रको पनि सीमान्तीकृत समूहलाई न त पहिल्याउन सकेको छ न त सम्बोधन

गर्न । त्यसैले आगामी दिनमा आरक्षणभित्र पनि आरक्षणको व्यवस्था, समानुपातिक प्रतिनिधित्वमा सीमान्तीकृत समुदायभित्रको पनि सबैभन्दा पछि परेका समुदायलाई अवसर दिने संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । सबैको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न राजनीतिक दलहरूले सामूहिक प्रतिवद्धता सहित प्रभावकारी कार्यान्वयनमा जानुपर्ने देखिन्छ ।

न्यायपूर्ण एवं समतामूलक समाज र समावेशी लोकतन्त्रमार्फत् समृद्ध नेपालको निर्माणका लागि मुलुकको सामाजिक, आर्थिक, राजनीतिक जीवनमा उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गरी श्रोतसाधन र अवसरहरूमा समान र समतामूलक पहुँचको व्यवस्था गरिनुका साथै उनीहरूको मानवअधिकार, स्वतन्त्रता, प्रतिष्ठा र पहिचानलाई सुनिश्चित गरी मुलुकको राष्ट्रिय एकता र सामाजिक सद्भावलाई दह्रो पारिनु पर्दछ ।

## सन्दर्भ ग्रन्थसूची


कर्णाली प्रदेश सभा । (२८ चैत्र २०८०) । http://pga.karnali.gov.np/ members.

कोशी प्रदेश सभा । (२८ चैत्र २०८०) । https://pradeshsabha.koshi.gov.np/province-members.

गण्डकी प्रदेश सभा । (२८ चैत्र २०८०) । https://pradeshsabha.gandaki.gov.np/ PradeshSava/ members.

दशौं योजना। (२०५९-२०६४) । नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरवार ।

नवौं योजना। (२०५४-२०५९) । नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरवार ।

नेपाल अधिराज्यको संविधान । (२०४७) । https://lawcommission.gov.np

नेपालको संविधान। (२०७२) । नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति ।

पन्ध्रौं योजना (आ.व.२०७६/७७-२०८०/८१) आधारपत्र, नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरवार ।

प्रतिनिधि सभाका सदस्यहरू, प्रतिनिधि सभा नेपाल २०७९ । (२८ चैत्र २०८०) । https:// hr.parliament.gov.np/np/ members.

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय। (२८ चैत्र २०८०) । https://www.opmcm.gov.np/ cabinet/

बागमती प्रदेश सभा । (२८ चैत्र २०८०) । https://provincialassembly.bagamati.gov.np/ province-assembly/member

मधेश प्रदेश सभा । (२८ चैत्र २०८०)., https://provincialassembly.p2.gov.np/#

मधेश प्रदेश सरकार, मन्त्रिपरिषद । (२८ चैत्र २०८०) । https://ocmcm.madhesh.gov.np/ cabinet

माननीय मुख्यमन्त्री, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश सरकार । (२८ चैत्र २०८०) । https://ocmcm.karnali.gov.np/node/784

मन्त्रिपरिषद् विवरण, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लुम्बिनी प्रदेश सरकार । (२८ चैत्र २०८०) । https://ocmcm.lumbini.gov.np/pages/minister-council

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश सरकार । (२८ चैत्र २०८०) । https://ocmcm.koshi.gov.np/

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, बागमती प्रदेश सरकार । (२८ चैत्र २०८०) । https://ocmcm.bagamati.gov.np/basic-page/375

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश सरकार । (२८ चैत्र २०८०) । https://ocmcm.gandaki.gov.np/ministries

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सुदूरपश्चिम प्रदेश सरकार। (२८ चैत्र २०८०) । https://ocmcm.sudurpashchim.gov.np/node/147

राष्ट्रिय योजना आयोग । (२०८०) । सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) अवधारणापत्र, नेपाल सरकार, राष्ट्रिय योजना आयोग ।

राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, आदिबासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, र मुस्लिम आयोग । (२०८०) । *निजामती सेवामा समावेशिताको अवस्थाः एक अध्ययन प्रतिवेदन* । राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, आदिबासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग ।

राष्ट्रिय सभाका सदस्यहरू, राष्ट्रिय सभा, नेपाल । (२८ चैत्र २०८०) । https://na.parliament.gov.np/np/members

लुम्बिनी प्रदेश सभा । (२८ चैत्र २०८०) । https://assembly.lumbini.gov.np/dynamic/province-mps

शेर्पा, पासाङ । (२०६७) । निजामती सेवामा आदिबासी जनजातिशून्यता र समावेशीकरणका सवाल, *आदिबासी जनजाति जर्नल*, ३, आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

सुदूरपश्चिम प्रदेश सभा । (२८ चैत्र २०८०) । http://pga.sudurpashchim.gov.np/honorable

Bhattachan, K. B. (2009). (भट्टचन, २००९). Discourse on social exclusion and inclusion in Nepal: Old wine in a new bottle. *Identity & Society: Social Exclusion and Inclusion in Nepal*, 11-43. Mandala Book Point.

CDA. (2020). (सिडिए, २०२०). *State of Inclusive Governance: A Study on Participation and Representation after Federalization in Nepal*. Central Department of Anthropology, Tribhuvan University

Haydon, R. M. (1992). (हेडेन, १९९२). Constitutional nationalism in the formarly Yugoslav Republics. *Slavic Review* 51 (4), 654-73

Hofer, A. (2004). (होफर, २००४). *The caste hierarchy and the state in Nepal: A study of the Muluki Ain of 1854* (2nd ed.). Himal Books.

Lawoti, M. (2005). (लावती, २००५). *Towards a Democratic Nepal: Inclusive Political Institutions for a Multicultural Society*. Sage Publications.

National Statistics Office. (2021). *National Population and Housing Census 2021, National Report on Caste/Ethnicity, Language and Religion*. National Statistics Office.

Nepal in Data. (2022, December 6). House of Representatives and Provincial Assembly, First Past the Post (FPTP) and Proportional Representation (PR) Electoral System.

Nepal Law Commission. (2015). *The Constitution of Nepal 2015*. Government of Nepal.
Parkin, F. (1979). (पार्किन, १९७९). *Marxism and class theory: A bourgeois critique*. Columbia University Press.
Pradhan, R. (2006). (प्रधान, २००६). Understanding Social Inclusion and Exclusion in the Nepalese Context: Some Preliminary Remarks. Unpublished manuscript.
Sen, A. (2000). (सेन, २०००). *Social exclusion: concept, application, and scrutiny*. Asian Development Bank.
Sharma, P. (2013). State Restructuring in Nepal: A Politico-Economic Perspective. In G. Bhusal & Y. Shahi (Eds.), In *The Left Debate in Nepal: A Nepalese Discourse on Left Ideology, State Restructuring, Development Policies and Programmes* (pp. 1–20). Centre for Nepal Studies (CNS).
Silver, H. (1994). (सिल्भर, १९९४). Social Exclusion and Social Solidarity: Three Paradigms. *International Labor Review*, 133 (5-6), 531–578.
Stokke, K. & Manandhar, M. D. (2010). (स्टोक र मानन्धर, २०१०). Nepal: State and Society–A primer. In Stokke, K. & Manandhar, M. D. (Eds.). *State and Society Social Exclusion and Inclusion in Nepal*. Mandala Bookpoint.

## लेखकको परिचय

समाजशास्त्री एवं सह-प्राध्यापक डा. पासाङ शेर्पा समाजशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरमा अध्यापनरत हुनुहुन्छ । सन् २०१२ मा भारतको कस्मिर विश्वविद्यालयबाट विद्यावारिधि उपाधि हासिल गर्नुभएका शेर्पाले शिक्षणका साथै विभिन्न अध्ययन अनुसन्धानहरूमा संलग्न भई झण्डै छ दर्जनभन्दा बढी अनुसन्धानात्मक प्रतिवेदनहरू तयार गर्नुभएको छ । उहाँका दर्जनौं अनुसन्धानात्मक लेखहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित छन् । डा. शेर्पाले *द शेर्पाज्* (२०१२), *शेर्पा जातिको चिनारी* (२०६७), *व्याँसी जातिको चिनारी* (२०७८) र *ट्रेडिसनल आम्ची प्राक्टिसेस अमोङ इन्डिजेनस कम्युनिटिज् इन् नेपाल* (२०१९) पुस्तकहरू लेख्नुभएको छ ।

# अनुसूची

*तालिका १: २०१२ को निजामती सेवामा समावेशिता*

| जात/जाति | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| जनजाति | १,७७७ | २.३ | ७,८४२ | १०.३ | ९,६१९ | १२.५ |
| दलित | २०२ | ०.३ | १,१४३ | १.५ | १,३४५ | १.७ |
| पहाडे बाहुन क्षेत्री | ७,८१९ | १०.१ | ४०,७१६ | ५२.७ | ४८,५३५ | ६२.९ |
| मधेशी बाहुन क्षेत्री | २३९ | ०.३ | १,९६५ | २.५ | २,२०४ | २.९ |
| मधेशी | ३४५ | ०.४ | ५,९४२ | ७.७ | ६,२८७ | ८.१ |
| मुस्लिम | १८ | ०.० | ४०१ | ०.५ | ४,१९७ | ०.५ |
| अन्य र नखुलेका | ३७९ | ०.५ | १,८९३ | २.५ | २,२७२ | २.९ |
| नेवार | १,४२३ | १.८ | ५,०९७ | ६.६ | ६,५२० | ८.४ |
| जम्मा | १२,२०२ | १५.८ | ६४,९९९ | ८४.२ | ७७,२०१ | १००.० |

श्रोतः सिडिए, २०२०।

*तालिका २: २०१९ को निजामती सेवामा समावेशिता*

| जात/जाति | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| आदिवासी जनजाति | ३,८९७ | ४.४ | ८,३७२ | ९.६ | १२,२६९ | १४.० |
| दलित | ६४० | ०.७ | १,८४३ | २.१ | २,४८३ | २.८ |
| पहाडे बाहुन क्षेत्री | १३,६४८ | १५.६ | ३९,९८७ | ४५.६ | ५३,६३५ | ६१.२ |
| मधेशी बाहुन क्षेत्री | ३१५ | ०.४ | १,७९३ | २.० | २,१०८ | २.४ |
| मधेशी | १,३८९ | १.६ | ८,६६० | ९.९ | १०,०४९ | ११.५ |
| मुस्लिम | ९२ | ०.१ | ४,८६ | ०.६ | ५७८ | ०.७ |
| अन्य र नखुलेका | ३२६ | ०.४ | ९५२ | १.१ | १,२७८ | १.५ |
| नेवार | १,६७० | १.९ | ३,५३८ | ४.० | ५,२०८ | ५.९ |
| जम्मा | २१,९७७ | २५.१ | ६५,६३१ | ७४.९ | ८७,६०८ | १००.० |

श्रोतः सिडिए, २०२०।

*तालिका ३: २०१९ को निजामती सेवामा जनजातिहरूको समावेशिता र परिवर्तन*

| जनजाति समूह | कर्मचारी संख्या | | | कुल कर्मचारीको प्रतिशत | सन् २०१२ को तुलनामा घटबढ | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | | महिला | पुरुष | जम्मा |
| नेवार | १,६७० | ३,५३८ | ५,२०८ | ५.९ | २४७ | -१५५९ | -१,३२४ |
| थारु | ६६५ | २,६१९ | ३,२८४ | ३.७ | ४३४ | ४३१ | ८६५ |
| मगर | १,०४६ | २,१३९ | ३,१८५ | ३.६ | ६७२ | ४६७ | १,१३९ |
| तामाङ | ४९८ | १,०५८ | १,५५६ | १.८ | २१९ | -१०२ | ११७ |
| राई | ६०५ | ७८६ | १,३९१ | १.६ | ३०९ | १७६ | ४८५ |
| गुरुङ | ३९३ | ४०८ | ८०१ | ०.९ | १२९ | -१०९ | २० |
| लिम्बु | १९२ | २९२ | ४८४ | ०.६ | १०० | -४ | ९६ |
| भुजेल | ५१ | १५७ | २०८ | ०.२ | २६ | -६५ | -३९ |
| माझी | २५ | ११३ | १३८ | ०.२ | १४ | ३ | १७ |
| सुनुवार | ५७ | ७४ | १३१ | ०.१ | ११ | -२५ | -१४ |
| कुमाल | २५ | १०२ | १२७ | ०.१ | १४ | -३४ | -२० |
| राजवंशी | २७ | ७७ | १०४ | ०.१ | १८ | १९ | ३७ |
| शेर्पा | ४७ | ५१ | ९८ | ०.१ | २५ | -१४ | ११ |
| घले | २९ | ४० | ६९ | ०.१ | ६ | -१८ | -१२ |
| दनुवार | १३ | ४५ | ५८ | ०.१ | ८ | २१ | २९ |
| जिरेल | २८ | २६ | ५४ | ०.१ | २१ | -४ | १७ |
| नगरकोटी | ८ | ३० | ३८ | ०.० | | | ० |
| धिमाल | १५ | २२ | ३७ | ०.० | ८ | -५ | ३ |
| भोटे | ९ | २६ | ३५ | ०.० | ५ | ७ | १२ |
| थकाली | १५ | १९ | ३४ | ०.० | ३ | -१३ | -१० |
| पहरी | १२ | १७ | २९ | ०.० | ६ | -६ | ० |
| धानुक | ३ | २५ | २८ | ०.० | -१९ | -३५० | -३६९ |
| छन्त्याल | ८ | १६ | २४ | ०.० | ५ | ६ | ११ |
| दराई | ८ | १३ | २१ | ०.० | ४ | -११ | -७ |
| दुरा | १२ | ६ | १८ | ०.० | ३ | -४ | -१ |
| चेपाङ | ५ | ८ | १३ | ०.० | २ | -३ | -१ |
| बराम | ५ | ७ | १२ | ०.० | २ | -५ | -३ |
| बोटे | २ | १० | १२ | ०.० | ० | -४ | -४ |
| थामी | २ | ९ | ११ | ०.० | १ | ३ | ४ |
| ताजपुरिया | २ | ८ | १० | ०.० | २ | ४ | ६ |
| झांगड उराव | १ | ८ | ९ | ०.० | १ | १ | २ |
| किसान | १ | ७ | ८ | ०.० | ० | ४ | ४ |
| गनगाई | २ | ५ | ७ | ०.० | २ | ३ | ५ |

| जनजाति समूह | कर्मचारी संख्या | | | कुल कर्मचारीको प्रतिशत | सन् २०१२ को तुलनामा घटबढ | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | | महिला | पुरुष | जम्मा |
| याक्खा | २ | ३ | ५ | ०.० | २ | १ | ३ |
| राजी | | ५ | ५ | ०.० | ० | २ | २ |
| हायु | १ | ४ | ५ | ०.० | ० | -१ | -१ |
| लेप्चा | ३ | | ३ | ०.० | २ | ० | २ |
| सन्थाल | १ | १ | २ | ०.० | ० | ० | ० |
| कोच | १ | | १ | ०.० | ० | -१ | -१ |
| योल्मो | | १ | १ | ०.० | | | ० |
| मेचे | १ | | १ | ०.० | | | ० |
| अन्य | ७७ | १३५ | २१२ | ०.२ | | | ० |
| जम्मा | ५,५६७ | ११,९१० | १७,४७७ | १९.९ | २,२७८ | -११,९७ | १,०८१ |

श्रोतः सिडिए, २०२० ।

*तालिका ४: प्रदेशगत रूपमा प्रत्यक्ष निर्वाचित सदस्यहरू*

| प्रदेश | प्रदेशगत रूपमा प्रत्यक्ष निर्वाचित सख्ंया | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाहुन क्षेत्री | | जनजाति | | दलित | | मुस्लिम | | मधेशी | | जम्मा | | प्रतिशत | |
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| कोशी | २८ | १ | २१ | १ | १ | | १ | | ३ | | ५४ | २ | ९६.४ | ३.६ |
| मधेश | ३ | १ | ४ | १ | | | ८ | | ४५ | २ | ६० | ४ | ९३.८ | ६.३ |
| बागमती | ३२ | २ | ३० | २ | | | | | | | ६२ | ४ | ९३.९ | ६.१ |
| गण्डकी | २४ | २ | १० | | | | | | | | ३४ | २ | ९४.४ | ५.६ |
| लुम्बिनी | २१ | १ | १७ | | | | ३ | | १० | | ५१ | १ | ९८.१ | १.९ |
| कर्णाली | २२ | | १ | | १ | | | | | | २४ | ० | १०० | ० |
| सुदूरपश्चिम | २५ | | ७ | | | | | | | | ३२ | ० | १०० | ० |
| जम्मा सख्ंया | १५५ | ७ | ९० | ४ | २ | ० | १२ | ० | ५८ | २ | ३१७ | १३ | | |
| प्रतिशत | ४७ | २.१ | २७.३ | १.२ | ०.६ | ० | ३.६ | ० | १७.६ | ०.६ | ९६.१ | ३.९ | ९६.१ | ३.९ |
| कूल (पुरुष+महिला) प्रतिशत | ४९.१ | | २८.५ | | ०.६ | | ३.६ | | १८.२ | | १०० | | १०० | |

श्रोतः कोशी प्रदेशसभा र अन्य प्रदेशसभा सदस्यहरू, २०८० ।

*तालिका ५: प्रदेशगत रूपमा मुख्य राजनीतिक दलबाट प्रत्यक्ष निर्वाचित सदस्यहरू*

| दल | बाहुन क्षेत्री | | जनजाति | | दलित | | मुस्लिम | | मधेशी | | जम्मा | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| नेपाली काँग्रेस | ५३ | २ | ३४ | ० | १ | ० | ४ | | १५ | ० | १०७ | २ | ९८.२ | १.८ |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ४८ | ३ | २६ | ० | ० | ० | २ | | १२ | ० | ८८ | ३ | ९६.७ | ३.३ |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ३५ | १ | १० | २ | १ | ० | १ | | २ | ० | ४९ | ३ | ९४.२ | ५.८ |
| नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | ६ | ० | ५ | २ | ० | ० | ० | | २ | ० | १३ | २ | ८६.७ | १३.३ |

श्रोतः तालिका ३ ।

*तालिका ६: प्रदेशगत रूपमा समानुपातिक प्रतिनिधित्वको अवस्था*

| प्रदेश नाम | समानुपातिक प्रतिनिधित्वको अवस्था | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाहुन क्षेत्री | | जनजाति | | दलित | | मुस्लिम | | मधेशी | | जम्मा | | प्रतिशत | |
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| कोशी | २ | ८ | ४ | १६ | | २ | | १ | १ | ३ | ७ | ३० | १८.९ | ८१.१ |
| मधेश | १ | | | ६ | | | २ | ३ | ६ | २५ | ९ | ३४ | २०.९ | ७९.१ |
| बागमती | ४ | १० | ८ | १८ | | २ | | | | २ | १२ | ३२ | २७.३ | ७२.७ |
| गण्डकी | ४ | ६ | १ | १० | १ | २ | | | | | ६ | १८ | २५ | ७५ |
| लुम्बिनी | १ | १२ | ३ | ७ | | ५ | १ | १ | | ५ | ५ | ३० | १४.३ | ८५.७ |
| कर्णाली | २ | १० | १ | | | ३ | | | | | ३ | १३ | १८.८ | ८१.३ |
| सुदूर पश्चिम | ३ | ६ | १ | ८ | | ३ | | | | | ४ | १७ | १९ | ८१ |
| जम्मा सख्या | १७ | ५२ | १८ | ६५ | १ | १७ | ३ | ५ | ७ | ३५ | ४६ | १७४ | | |
| प्रतिशत | ७.७ | २३.६ | ८.२ | २९.५ | ०.५ | ७.७ | १.४ | २.३ | ३.२ | १५.९ | २०.९ | ७९.१ | २०.९ | ७९.१ |
| कूल (पुरुष+महिला) प्रतिशत | ३१.४ | | ३७.७ | | ८.२ | | ३.६ | | १९.१ | | १०० | | १०० | |

श्रोतः कोशी प्रदेशसभा र अन्य प्रदेशसभा सदस्यहरू, २०८० ।

*तालिका ७: प्रदेशगत रूपमा मुख्य राजनीतिक दलहरूबाट समानुपातिक प्रतिनिधित्वको अवस्था*

| मुख्य राजनीतिक दल | बाहुन क्षेत्री | | जनजाति | | दलित | | मुस्लिम | | मधेशी | | जम्मा | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| नेपाली काँग्रेस | १३ | १० | १३ | १८ | १ | ४ | २ | | ३ | ८ | ३२ | ४० | ४४.४ | ५५.६ |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | २ | २७ | | २४ | | ९ | | ३ | २ | ८ | ४ | ७१ | ५.३ | ९४.७ |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | | ९ | ३ | १३ | | ४ | १ | | १ | ४ | ५ | ३० | १४.३ | ८५.७ |
| नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | २ | १ | २ | | | | २ | | ६ | १ | १२ | ७.७ | ९२.३ | |
| जनता समाजवादी पार्टी | १ | १ | | १ | | | | | १ | ८ | २ | १० | १६.७ | ८३.३ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) | | १ | | २ | | | | | | | ० | ३ | ० | १०० |
| राष्ट्रिय स्वतन्त्र पार्टी | | | | | | | | | | | ० | ० | | |
| लोकतान्त्रिक समाजवादी पार्टी | | | | | | | | | | | ० | ० | | |
| नागरिक उन्मुक्ति पार्टी | | | | | | | | | | | ० | ० | | |
| जनमत पार्टी | | | | | | | | | | | ० | ० | | |
| स्वतन्त्र उम्मेदवारहरू | | | | | | | | | | | ० | ० | | |
| अन्य | १ | २ | १ | ५ | | | | | | १ | २ | ८ | २० | ८० |
| जम्मा सख्या | १७ | ५२ | १८ | ६५ | १ | १७ | ३ | ५ | ७ | ३५ | ४६ | १७४ | | |
| प्रतिशत | ७.७ | २३.६ | ८.२ | २९.५ | ०.५ | ७.७ | १.४ | २.३ | ३.२ | १५.९ | २०.९ | ७९.१ | २०.९ | ७९.१ |
| कूल (पुरुष+महिला) प्रतिशत | ३१.४ | | ३७.७ | | ८.२ | | ३.६ | | १९.१ | | १०० | | १०० | |

श्रोत: कोशी प्रदेशसभा र अन्य प्रदेशसभा सदस्यहरू, २०८०।

*तालिका ८: प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचित प्रणालीमा प्रतिनिधित्व*

| प्रणाली | निर्वाचित सदस्य संख्या | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाहुन क्षेत्री | | जनजाति | | दलित | | मुस्लिम | | मधेशी | | जम्मा | | प्रतिशत | |
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| प्रत्यक्ष निर्वाचित | ९२ | ४ | ३८ | ३ | | | १ | | २५ | २ | १५६ | ९ | ९४.५ | ५.५ |
| जम्मा सख्या | ९२ | ४ | ३८ | ३ | ० | ० | १ | ० | २५ | २ | १५६ | ९ | | |
| प्रतिशत | ५५.८ | २.४ | २३ | १.८ | ० | ० | ०.६ | ० | १५.२ | १.२ | ९४.५ | ५.५ | ९४.५ | ५.५ |
| कूल (पुरुष+महिला) प्रतिशत | ५८.२ | | २४.८ | | ० | | ०.६ | | १६.४ | | १०० | | १०० | |

श्रोतः प्रतिनिधि सभा नेपाल, प्रतिनिधि सभाका सदस्यहरू, २०७९ ।

*तालिका ९: प्रतिनिधि सभामा समानुपातिक प्रतिनिधित्व प्रणालीमा प्रतिनिधित्व*

| प्रणाली | समानुपातिक प्रतिनिधित्वबाट निर्वाचित सदस्य | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाहुन क्षेत्री | | जनजाति | | दलित | | मुस्लिम | | मधेशी | | जम्मा | | प्रतिशत | |
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| समानुपातिक प्रतिनिधित्व | १२ | २९ | ६ | २९ | ४ | ६ | २ | ४ | ६ | १२ | १२ | ९८ | १०.९ | ८९.१ |
| जम्मा सख्या | १२ | २९ | ६ | २९ | ४ | ६ | २ | ४ | ६ | १२ | १२ | ९८ | | |
| प्रतिशत | १०.९ | २६.४ | ५.५ | २६.४ | ३.६ | ५.५ | १.८ | ३.६ | ५.५ | १०.९ | १०.९ | ८९.१ | १०.९ | ८९.१ |
| कूल (पुरुष+महिला) प्रतिशत | ३७.३ | | ३१.८ | | ९.१ | | ५.५ | | १६.४ | | १०० | | १०० | |

श्रोतः प्रतिनिधि सभा नेपाल, प्रतिनिधि सभाका सदस्यहरू, २०७९ ।

*तालिका १०: मुख्य राजनीतिक दलहरूबाट प्रत्यक्ष निर्वाचितमध्ये विभिन्न जातीय समुदायको प्रतिनिधित्वको अवस्था*

| मुख्य राजनीतिक दल | बाहुन क्षेत्री | | जनजाति | | दलित | | मुस्लिम | | मधेशी | | जम्मा | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| नेपाली काँग्रेस | ४१ | १ | ९ | १ | ० | ० | ० | ० | ४ | ० | ५४ | २ | ९६.४ | ३.६ |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | २१ | १ | ११ | १ | ० | ० | १ | ० | ६ | २ | ३९ | ४ | ९०.७ | ९.३ |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ७ | १ | ६ | ० | ० | ० | ० | ० | २ | ० | १५ | १ | ९३.८ | ६.३ |
| नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | ५ | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० | ९ | ० | १०० | ० |
| जनता समाजवादी पार्टी | १ | ० | १ | ० | ० | ० | ० | ० | ५ | ० | ७ | ० | १०० | ० |
| राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) | ४ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ५ | ० | १०० | ० |
| राष्ट्रिय स्वतन्त्र पार्टी | ६ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ८ | १ | ८८.९ | ११.१ |
| लोकतान्त्रिक समाजवादी पार्टी | १ | ० | १ | ० | ० | ० | ० | ० | २ | ० | ४ | ० | १०० | ० |
| नागरिक उन्मुक्ति पार्टी | ० | ० | ३ | १ | ० | ० | ० | ० | ० | ० | ३ | १ | ७५ | २५ |
| जनमत पार्टी | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | १०० | ० |
| स्वतन्त्र उम्मेदवारहरू | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ | ० | १०० | ० |
| अन्य | ६ | | | | | | | | ३ | | ९ | ० | १०० | ० |
| जम्मा सख्या | ९२ | ४ | ३८ | ३ | ० | ० | १ | ० | २५ | २ | १५६ | ९ | ० | ० |
| प्रतिशत | ५५.८ | २.४ | २३ | १.८ | ० | ० | ०.६ | ० | १५.२ | १.२ | ९४.५ | ५.५ | ९४.५ | ५.५ |
| कूल (पुरुष+महिला) प्रतिशत | ५८.२ | | २४.८ | | ० | | ०.६ | | १६.४ | | १०० | | १०० | |

श्रोतः प्रतिनिधि सभा नेपाल, प्रतिनिधि सभाका सदस्यहरू, २०७९ ।

*तालिका ११: मुख्य राजनीतिक दलहरूबाट समानुपातिक प्रतिनिधित्वमध्ये विभिन्न जातीय समुदायको प्रतिनिधित्वको अवस्था*

| मुख्य राजनीतिक दल | बाहुन क्षेत्री | | जनजाति | | दलित | | मुस्लिम | | मधेशी | | जम्मा | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| नेपाली काँग्रेस | २ | ९ | | ११ | १ | ४ | | १ | २ | २ | २ | ३० | ६.३ | ९३.८ |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ४ | ९ | ३ | ९ | १ | १ | १ | | ३ | ३ | ३ | ३१ | ८.८ | ९१.२ |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | २ | ४ | | ५ | | | | १ | | २ | २ | १२ | १४.३ | ८५.७ |
| नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) | | | | | | | | | | | | | | |
| जनता समाजवादी पार्टी | १ | | | १ | | | | १ | | २ | ० | ५ | ० | १०० |
| राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) | १ | २ | १ | १ | | १ | | | | १ | १ | ६ | १४.३ | ८५.७९ |
| राष्ट्रिय स्वतन्त्र पार्टी | २ | ४ | २ | २ | २ | | | | १ | | ४ | ९ | ३०.८ | ६९.२ |
| लोकतान्त्रिक समाजवादी पार्टी | | | | | | | | | | | | | | |
| नागरिक उन्मुक्ति पार्टी | | | | | | | | | | | | | | |
| जनमत पार्टी | | १ | | | | | १ | १ | | २ | ० | ५ | ० | १०० |
| स्वतन्त्र उम्मेदवारहरू | | | | | | | | | | | | | | |
| अन्य | | | | | | | | | | | | | | |
| जम्मा सङ्ख्या | १२ | २९ | ६ | २९ | ४ | ६ | २ | ४ | ६ | १२ | १२ | ९८ | | |
| प्रतिशत | १०.९ | २६.४ | ५.५ | २६.४ | ३.६ | ५.५ | १०.९ | ३.६ | ५.५ | १०.९ | १०.९ | ८९.१ | १०.९ | ८९.१ |
| कूल (पुरुष+महिला) प्रतिशत | ३७.३ | | ३१.८ | | ९.१ | | ५.५ | | १६.४ | | १०० | | १०० | |

श्रोतः प्रतिनिधि सभा नेपाल, प्रतिनिधि सभाका सदस्यहरू, २०७९ ।

*तालिका १२: केन्द्र र प्रदेश सरकारका मन्त्रीहरू*

| केन्द्र र प्रदेश सरकार | मन्त्रीहरू | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाहुन क्षेत्री | | जनजाति | | दलित | | मुस्लिम | | मधेशी | | जम्मा | | प्रतिशत | |
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| केन्द्र | १० | १ | ६ | २ | | | | | ३ | १ | १९ | ४ | ८२।६ | १७।४ |
| कोशी | १ | | | | | | | | | | १ | ० | १००।० | ०।० |
| मधेश | १ | | १ | | | | २ | | ८ | २ | १२ | २ | ८५।७ | १४।३ |
| बागमती | ५ | | ६ | २ | | | | | | | ११ | २ | ८४।६ | १५।४ |
| गण्डकी | २ | | १ | | | | | | | | ३ | ० | १००।० | ०।० |
| लुम्बिनी | २ | | १ | | | | | | १ | | ४ | ० | १००।० | ०।० |
| कर्णाली | १ | | | | | | | | | | १ | ० | १००।० | ०।० |
| सुदूरपश्चिम | ३ | १ | ४ | | | | | | | | ७ | १ | ८७।५ | १२।५ |
| जम्मा सख्या | २५ | २ | १९ | ४.० | | ० | २ | | १२ | ३ | ५८ | ९ | ८६।६ | १३।४ |
| प्रतिशत | ३७.३ | ३.० | २८.४ | ६.० | ०.० | ०.० | ३.० | ०.० | १७.९ | ४.५ | ८६.६ | १३.४ | ८६।६ | १३।४ |
| कूल (पुरुष+महिला) प्रतिशत | ४०.३ | | ३४.३ | | ०० | | ३.० | | २२.४ | | १००.० | | १००।० | |

श्रोत: प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय, मन्त्रिपरिषद २०८० र कोशी प्रदेश सरकार र अन्य प्रदेश सरकारहरू, २०८० ।

*तालिका १३: विभिन्न प्रदेशका मुख्यमन्त्रीहरू*

| प्रदेश | मुख्यमन्त्री | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाहुन क्षेत्री | | जनजाति | | दलित | | मुस्लिम | | मधेशी | | जम्मा | |
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| कोशी | १ | | | | | | | | | | १ | ० |
| मधेश | | | | | | | | | १ | | १ | ० |
| बागमती | १ | | | | | | | | | | १ | ० |
| गण्डकी | १ | | | | | | | | | | १ | ० |
| लुम्बिनी | १ | | | | | | | | | | १ | ० |
| कर्णाली | १ | | | | | | | | | | १ | ० |
| सुदूरपश्चिम | १ | | | | | | | | | | १ | ० |
| जम्मा सख्या | ६ | ० | ० | ० | | ० | ० | | १ | ० | ७ | ० |
| प्रतिशत | ८५.७ | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | १४.३ | ०.० | १००.० | ०.० |
| कूल (पुरुष+महिला) प्रतिशत | ८५.७ | ०.० | ०.० | ०.० | १४.३ | १००.० | | | | | | |

श्रोतः कोशी प्रदेश सरकार र अन्य प्रदेश सरकारहरू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २०८० ।